जन्मकुण्डली होस् वा हस्तरेखाको आधारमा जीवनभरीको भूत, वर्तमान तथा भविष्यबारे लिखित ग्यारेण्टी सहित शतप्रतिशत भविष्यवाणी गर्ने
ज्योतिषी सुश्री सीता रेग्मी
भेट्ने - बिहान १० देखि ५ बजेसम्म ।
ज्योतिष भविष्यवाणी परामर्श केन्द्र
पोखरा-२, बिन्ध्यवासिनी मन्दिर, नेपाल ।
फोन नं.९८४६२१८८१५

Jyotish Bhabishyawani Weekly ज्योतिष विधामा आधारित राष्ट्रियस्तरको एकमात्र अखबार

राष्ट्रिय साप्ताहिक जि.प्र.कास्की/मोरङ द.नं.:११५/२०५५ प.क्षे.हु.नि.द.नं.: १/२०६८

# ज्योतिष भविष्यवाणी

वर्ष १५ अङ्क ५ २०६९ ज्येष्ठ ४ गते, बिहीबार 17, May 2012 मूल्य रु. १०/-

के तपाईंले प्रत्येक बिहीबार प्रकाशित "ज्योतिष भविष्यवाणी" (साप्ताहिक) पढ्नुभयो ? खोज्दा नपाइएमा हाम्रो इन्टरनेट ठेगाना www.jbweekly.com बाट Sagarmatha अथवा Himalb Font डाउनलोड गरी हेर्न सक्नु हुनेछ ।
प्रधान सम्पादक
डा. बलराम उपाध्याय रेग्मी
ज्योतिष भविष्यवाणी, नेपाल ।
मोवाइल नं. ९८५६०२०९१४

## ज्योतिष भविष्यवाणी अब फेसबुकमा पनि

✍ज्योतिष भविष्यवाणी

**पोखरा** : विगत १५ वर्षदेखि निरन्तर प्रकाशित हुँदै आएको ज्योतिष भविष्यवाणी(साप्ताहिक) पत्रिका अब विश्वकै चर्चित अनलाइन माध्यम फेसबुकमा समेत पाइने भएको छ ।

नेपाल अधिराज्यको इतिहासमा पहिलो र एकमात्र ज्योतिष समाचारपत्र ज्योतिष भविष्यवाणी छापा तथा नेपाली अंग्रेजी अनलाईन संस्करणमा समेत पहिलो रहि फेसबुकमा समेत पहिलो हुनेमा परेको छ । पोखरा सिटी डट् कम पोखराका संस्थापक राजव श्रेष्ठ, रवि श्रेष्ठ, राम गुरुङ एवं सन्दीप शेरचनकोतर्फबाट संयुक्त रुपमा www.facebook.com/jbweekly प्रारम्भ गरिएपछि यो सम्भव भएको हो । सन् २००५ को दिसम्वरमा पहिलो पटक वेवसाइटमा पुगेको जेवी विक्ली डटकमका नेपाली पाठक ५८ हजार एवं अंग्रेजी संस्करणमा विश्वभरिका पाठक १८ हजार ज्यादा रहेको मोटिगो वेवस्टाट स्रोतले जनाएको छ । नेपाली ज्योतिष पत्रकारिताको पछिल्लो पन्ध्र वर्षको इतिहासमा अर्को ज्योतिषको अखवार प्रकाशनमा नआउनाले पनि ज्योतिष भविष्यवाणी अग्रपंक्तिमा रहि आएको छ ।

## पत्रकार ज्ञवाली पुरस्कृत

✍ज्योतिष भविष्यवाणी

**पोखरा** : विगत डेढ दशक अघिदेखि पोखरामा पत्रकारिता गर्दै आउनुभएका पत्रकार रामकृष्ण ज्ञवाली सम्मानित हुनुभएको छ । उहाँ स्व. गजेन्द्र भण्डारी सिर्जनशील पत्रकारिता पुरस्कारबाट मंगलबार पोखरामा पुरस्कृत हुनुभएको हो । उहाँलाई रु.२५ हजार नगद सहित सम्मानपत्रले नेपाल पत्रकार महासंघ केन्द्रीय अध्यक्ष शिव गाउँलेद्वारा पुरस्कृत गरिएको हो ।

नेपाल पत्रकार महासंघ कास्की शाखाका अध्यक्ष बद्रीविनोद प्रतीकको सभापतित्वमा सम्पन्न कार्यक्रमा प्रमुख अतिथि नेपाल पत्रकार महासंघका राष्ट्रिय अध्यक्ष शिव गाउँले रहनुभएको थियो । पत्रकार रामकृष्ण ज्ञवालीलाई पुरस्कृत गर्दै अध्यक्ष गाउँलेले पत्रकारहरू हरेक कार्यमा जिम्मेवार हुनुपर्ने बताउनुभयो । उहाँले प्रेस स्वतन्त्रता जोगाउन सम्पूर्ण पत्रकारहरू एक भएर लाग्नुपर्ने र यसमा समाजले सहयोग गर्नुपर्ने धारणा व्यक्त गर्दै मिडिया संचालन गर्दा व्यवस्थापकीय पक्षमा विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै नेपाल पत्रकार महासंघ कास्कीका उपाध्यक्ष राजबहादुर गुरुङले सरकारले नेपालमा रहेका सम्पूर्ण संचारमाध्यममा समानुपातिक विज्ञापन नीति लागू गर्नुपर्ने र त्यसका लागि पत्रकार महासंघले पहल गर्नुपर्ने बताउनुभयो । त्यस्तै कार्यक्रममा स्व. गजेन्द्र भण्डारीको बारेमा चर्चा गर्दै नेपाल पत्रकार महासंघ कास्कीका पूर्व अध्यक्ष पुण्य पौडेलले स्व.भण्डारी पत्रकारितामा निकै सक्रिय व्यक्ति भएको र सक्रिय रहँदा-रहँदै वि.सं.२०५३ सालमा सवारी दुर्घटनामा परी दु:खद् निधन भएको उल्लेख गर्नुभयो ।

त्यसैगरी कार्यक्रममा सम्मानित व्यक्तित्व रामकृष्ण ज्ञवालीको बारेमा चर्चा गर्दै पुरस्कार छनोट समितिका संयोजक रविन्द्र बाँस्तोलाले राष्ट्रियस्तरमा धेरै योग्य व्यक्तिहरूको बीचबाट उहाँलाई छनोट गरिएको बताउनुभयो । कार्यक्रममा शुभकामना मन्तव्य व्यक्त गर्दै प्रेस युनियनका वरिष्ठ उपाध्यक्ष गंगाधर पराजुलीले देशमा स्थापना भएको लोकतन्त्र संस्थागत हुन नसक्दा पत्रकार सधैं असुरक्षित हुनुपरेको धारणा व्यक्त गर्नुभयो । त्यस्तै ने.क.पा.एमाले कास्कीका अध्यक्ष मानबहादुर जि.सी.ले पत्रकारहरू डर र धम्कीदेखि नडराई खरो रुपमा उत्रनुपर्ने बताउनुभयो ।

**बाँकी ५ पेजमा...**

## त्रिफला राष्ट्रिय पुस्तकालयमा पुन: फलाहारी

✍ज्योतिष भविष्यवाणी

**झापा** : झापा जिल्लाको मेची नगरपालिका-१, धुलावारीमा स्थापित त्रिफला राष्ट्रिय पुस्तकालयको नयाँ कार्यसमिति गठन भएको छ ।

छैटौं कार्यकालका लागि निर्विरोध चयन समितिमा प्रेमप्रसाद पोखरेल 'फलाहारी', चिरञ्जीवि सावु, भक्तिप्रसाद शिवाकोटी, कुलबहादुर भण्डारी, रामप्रसाद दाहाल, कुवेरप्रसाद बराल, राजनप्रसाद सुवेदी, क्याप्टेन गोपिलाल लिङदेन, राजेन्द्रकुमार संग्रौला, राधा घिमिरे, उमा पाण्डे, तेजबहादुर आचार्य, गणेशप्रसाद पोखरेल, राज्यप्रकाश शर्मा, तथा प्रेमप्रसाद बानियाँ क्रमश: रहनुभएको छ ।

हालै गरिएको वार्षिक साधारण सभामा उपस्थित एक सय ६५ आजीवन सदस्यमध्ये सम्पूर्णको तर्फबाट पुन: अध्यक्ष पदमा प्रेमप्रकाश पोखरेल 'फलाहारी' हुनुपर्ने राय राखेपछि चयन गरिएको पन्ध्र सदस्यीय समितिको अध्यक्षमा प्रेमप्रकाश पोखेल'फलाहारी' हुने पक्का-पक्की भएको छ ।

अन्य पदमा को केमा बस्ने निर्णय हुन बाँकी रहे तापनि आउँदो बैठकले माथिको रोलक्रम अनुसार अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष तथा सदस्य पदको अन्तिम निर्णय गर्ने बताइएको छ । वि.सं.२०५३ वैशाख ३ गते स्थापित भै पाँच कार्यकाल पूरा गर्न सफल कार्यसमितिको अध्यक्षमा लगातार फलाहारी रहनुभएको समितिले पुस्तकालय स्थापनाका लागि घडेरी, तीनतले भवन निर्माण, ३२ हजार पुस्तक संकलन तथा ६०८ जना आजीवन सदस्य गराउँदै भारतको सिक्किम, जापान तथा चाइना समेतबाट आजीवन सदस्यको रुपमा प्रतिनिधित्व गराउन सफल भएकै कारण गतवर्ष नेपाल पुस्तकालय संघकोतर्फबाट राष्ट्रिय सरस्वती पुरस्कार प्राप्त गर्न सफल भएको थियो ।

ठाउँ-ठाउँमा पुस्तकालयको शाखा विस्तारमा समेत सक्रिय त्रिफला पुस्तकालयलाई अव उप्रान्त मेची नगरपालिका तथा जि.वि.स.झापाले पनि संरक्षकत्व दिनुपर्ने र प्रधान संरक्षकत्वमा शिक्षा मन्त्रालय रहनुपर्ने अन्यथा निजी तहबाट मात्र पुस्तकालयलाई टिकाउन धौ-धौ परेको अध्यक्ष फलाहारीले जानकारी दिनुभयो।

भारतीय राजदूतावास काठमाडौंको तर्फबाट एक करोड ५० लाखको माग बमोजिमको निकासा भै सहयोग प्राप्त भएमा पुस्तकालयभित्र एउटा सामुदायिक हल बनाउने, सूचना केन्द्रको स्थापना गर्ने, विद्युतीय पुस्तकालयको सेवा समेत थप्ने आगामी नयाँ कार्ययोजना रहेको हालै निर्वाचित अध्यक्ष फलाहारीले जानकारी दिनुभएको छ ।



वि.सं.२०५२ कार्तिक १८ गते प्रेमप्रकाश पोखरेल, मोहनकुमार खड्का, कुलबहादुर भण्डारी, भक्ति शिवाकोटी, पं. विष्णुप्रसाद पराजुली समेतको संयुक्त भेलाले अध्यक्षमा प्रेमप्रकाश पोखेल 'फलाहारी', सचिवमा मोहन कुमार खड्का, सदस्यमा कुलबहादुर भण्डारी, भक्तिप्रसाद शिवाकोटी, पं.विष्णुप्रसाद पराजुली चयन गरेपछि वि.सं. २०५३ वैशाख ३ गते जिल्ला प्रशासन कार्यालय झापामा संस्था दर्ता ऐन २०३४ बमोजिम विधिवत् दर्ता भै अस्तितवमा आएको त्रिफला राष्ट्रिय पुस्तकालयका संरक्षकमा दाताराम शर्मा खनाल, देवेन्द्रविक्रम नेम्वाङ, छत्रबहादुर बस्नेत, टीकाराम अर्याल तथा प्रतिष्ठित समालोचक गणेशबहादुर प्रसाईं रहनुभएको छ । आजीवन संस्थापक सदस्य ६६ जना, आजीवन सदस्य ५७१ रहेको पुस्तकालय नेपालकै दोस्रो महत्वपूर्ण पुस्तकालयको रुपमा मानिन्छ ।

## आदर्शमा बाँच्न निकै गाह्रो : व्याकुल माइँला

✍ज्योतिष भविष्यवाणी

**पोखरा** : नेपाली राष्ट्रिय गानका रचनाकार व्याकुल माइँलाले आदर्शमा बाँच्न निकै गाह्रो भएको बताउनुभएको छ । नेपाली लेखक संघ कास्कीका पदाधिकारी र पत्रकारहरूबीचको भेटघाटमा उहाँले आदर्शमा बाँच्न खोज्दा जीवन निर्वाह गर्न अत्यन्तै कठिन भएको पीडा व्यक्त गर्नुभयो।

नेपाली लेखक संघका केन्द्रीय सल्लाहकार समेत रहनुभएका माइँलाले कलाकर्मी र साहित्यका व्यक्तिलाई राज्यले निकै पछि पारेको धारणा व्यक्त गर्नुभयो । जनताबाट मैले जुन सम्मान पाएँ त्यस्तो सम्मान राज्यबाट सोचे अनुरुपको पाउन नसकेको बताउनुभयो । उहाँले आफ्नो दिनचर्या निकै व्यस्तता भएकाले सार्वजनिक जीवन बिताउनु बाहेक अन्य पेशा चलाउन नसकेकाले जीवन निर्वाह गर्न निकै कठिन हुने गरेको बताउनुभयो । उहाँले जति समस्या र अप्ठ्यारा आइपरे पनि आगामी दिनमा नेपाली साहित्य र सिर्जना जोगाउन लागि पर्ने बताउनुभयो ।

नेपाली लेखक संघ कास्कीका अध्यक्ष डा. लक्ष्मीशरण अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पश्चिमाञ्चल संयोजक तथा केन्द्रीय सदस्य डा. कुसुमाकर न्यौपाने, नायक ताराबहादुर गुरुङ लगायतले बोल्नुभएको थियो भने करिब एक दर्जन साहित्यकारहरूले रचना प्रस्तुत गर्नुभएको थियो ।

विवाह, ब्रतबन्ध, पास्नी, जन्मदिन, ढिकुटी पार्टी, वार्षिक साधारण सभा, बैठक, सेमिनार, प्रशिक्षण आदि कार्यक्रमको लागि पोखरामा सर्वाधिक उपयुक्त स्थान

उपलब्ध सेवाहरू:

- पोखरामा सबैभन्दा ठूलो पार्किङ एरिया
- अत्यन्त सुपथ दरमा तीन तारे होटलको सेवा उपलब्ध
- ठूला बाल्कोनी सहितको विशाल तथा आरामदायी कोठाहरू
- सबै कोठाहरूबाट हिमाल छर्लङ्ग देखिने
- २ वटा स्वीमिङ्ग पुल
- २० देखि २५० जनासम्म अटाउने ३ वटा हलहरू
- नि:शुल्क वाईफाईको सुविधा
- आकर्षक गार्डेन तथा पर्याप्त हरियालीसँग आत्मीय कर्मचारीहरू



होटल फेवा प्रिन्स प्रा. लि.
चाउथे, कुँडहर
'The Most Spacious Hotel in Pokhara'
फोन: ०६१-५२४७०१, ५२७९५२
मो. ९८५६०२८६१८
फ्याक्स: ०६१-५२४८८१
E-mail : fprince_pkr@wlink.com

## सम्पादकीय...

# सम्पादकको चिठी

आदरणीय आमा बुबा दाजुभाई दिदी बहिनी स्वदेश तथा विश्वमा जुन देशमा हुनुहुन्छ भने पनि सादर नमस्कार ! हाम्रो राष्ट्र नेपाल इतिहासमा नै पुन: एक पटक शंकटको अन्तिम घडीबाट गुज्रिरहेको छ जो आजैका मितिदेखि शुरु भै ज्येष्ठ मशान्तसम्म हुनेछ । यो बीचमा सत्ता कब्जा गर्ने कोशिश हुनेछ। सम्पूर्ण संचारका साधनमाथि प्रतिवन्ध लाग्ने, धेरै ठाउँमा जात-जातिबीचको लडाईं हुने, काटमार हुने, सम्भाव्य शक्तिको प्रयोग सबै दल जात-जातिबाट हुने सम्भावना बलियो छ । त्यसकारण सर्वप्रथम हाल जहाँ हुनुहुन्छ ज्येष्ठ मशान्तसम्म त्यही ठाउँमा सुरक्षित रहनुहोला, टाढाको यात्रामा कतै नलाग्नुहोला । समस्त पाठक वर्गमा दोस्रो अनुरोध गर्दछु कम्तिमा आँफूलाई आवश्यक ग्यास, इन्धन, तेल आषाढ मशान्तसम्मलाई पुग्नेगरी जोरजाम गर्नुहोला । अन्यथा भोक-भोकै मर्ने अवस्था नजिकै आइरहेको छ । तेस्रो अनुरोध गर्न चाहन्छु या तपाईंहरू एमाओवादीलाई पूरा साथ दिएर एकलौटी सत्तामा पुऱ्याउनु होस् अथवा लोकतन्त्रवादीलाई सक्रिय सहयोग गरेर संविधान बनाउन बाध्य पार्नुहोस् सबै जात-जाति एकसाथ जुटेर । अन्यथा अब घर न घाटको हुने बेला आगनमा आइसकेको छ । आदरणीय श्रोता पाठक वर्ग ! माओवादी पार्टीको बलले भेटेसम्म संविधान कुनै हालतमा पनि बनाउने छैन । यो वा त्यो बाहना गरी अन्य पार्टीका नेतालाई अलमल्याउँदै थकाउँदै जानेर सिधै सत्ता कब्जा गर्ने हुने छ ।

माओवादी अथवा कांग्रेस पार्टी जुन मजवूत रुपमा अघि बढ्ला उसैको साथ लाग्ने काम एमाले पार्टीको हुँदै आएको छ, हुनेवाला पनि त्यहि छ । मधेशवादी पार्टी पनि जोसंग मिल्दा भागवण्डा राम्रो पाइन्छ उही पार्टीको नजिक हुँदै गठवन्धन जोड्दै आएका छन् आगामी दिनमा पनि मधेशवादी पार्टीको वलले भेटेसम्म एक मधेश एक प्रदेश बनाउने र पछि भारततिर मिसिने काम, प्रयास रहनेछ जो हामी मूल नेपालका बासिन्दा त्यो हुन दिन चाहँदैनौं । जुन पार्टीको नेताको नाम नेपाली नै छैन भने तपाईं त्यस्ता पार्टीको व्यक्तिको तर्फबाट राष्ट्रियता समाप्त पार्नुमा के को आश्चर्य ? आदरणीय पाठक वर्ग देश अहिले भेडा बाखा किन्ने काट्ने कसाइ खाना जस्तो भएको छ । जसलाई जोसंग लाग्दा फाइदा छ साँठ-गाँठ ती नेता, पार्टीबीच, कार्यकर्ताबीच हुनु भेडचाल बाहेक अरु केही होइन । सकेसम्म एउटा स्यालले तीन ओटा साँढे च्याङ्ग्रालाई एक्लै-एक्लै पारेर खाएजस्तो अहिले नेपालमा कालो साँढे सबै जात-जातिलाई गुट उपगुटमा फुटाएर खाने तैयारीमा छ । नमरि स्वर्ग देखिँदैन भने जस्तो जिउँदै छँदा पत्याउनु हुन्छ पत्याउनुहोस् अथवा मरेपछि डुमै राजा भन्नुहुन्छ भने तपाईंको ईच्छा । ब्राम्हण, क्षेत्री, वैश्य, शुद्र चार जातको व्यवस्था भगवान श्रीकृष्णले गर्नुभएको हो । जस्को स्वभाव, बानी, चरित्र, खानपान, आहार विहार, जेजस्तो छ त्यसको आधारमा जात जातिको विभाजन भएको हो । आँफैमा कुनै पनि जात ठूलो छैन, कुनै पनि जात सानो छैन । तर प्रत्येक जात जातिलाई व्यक्तिगत तथा मौलिक अधिकार कानून एवं धार्मिक दृष्टिले तोकिएका छन् जसलाई हामी अहिले भर्खरै बदल्न सक्दैनौं । जातीय समानताको नाममा अर्को जातमाथि आक्रमण गर्नु अर्को ठूलो अपराध हो । जहिले यो पृथ्वीमा सम्पूर्ण जातजातिको एकै प्रकारको खानपान, भेषभुषा रहन-सहन होला तहिलेमात्र सबैको जात एउटै हुनेछ । हामी सर्वप्रथम प्रयास गरौं ब्राम्हण, क्षेत्री, वैश्य, शुद्र के बन्ने हो त्यहि अनुसार हामी सबैको एक जातको बाटो लागौंला । हामी जाति-जातिबीच फाटो पारेर कालो साँढेले नेपालको राष्ट्रियता नै समाप्त पार्न गै रहेको वर्तमान परिप्रेक्षमा विश्वमा तपाईं जहाँ हुनुहुन्छ विरोधको विगुल फुक्नुहोस्, स्वदेशी दाजुभाई जहाँ हुनुहुन्छ त्यहिंबाट अबको अन्तिम लडाईंमा उत्रनुहोस् अन्यथा तपाईं हामी सबैले भन्ने गरेको नेपाल राष्ट्रको नक्सा गायव हुनेवाला छ । तपाईं नेपाल फर्किंदा जिल्ला, विकास क्षेत्र समाप्त भएका हुनेछन् । राष्ट्रिय झण्डा अर्कै भएको हुनेछ । अन्त्यमा जिल्ला, प्रदेश, अञ्चललाई संघियतामा लगी अपरिचित नामकरण भै सकेपछि अन्त्यमा सजिलैसंग नेपालको नाम पनि अर्कै राखिने छ । विश्वमा हाम्रो देश हराउनेछ, राष्ट्रियता हराउनेछ, संस्कृति हराउनेछ, सभ्यता हराउनेछ । गराउन यहि खोजिएको छ नेपाललाई ।

जुन धर्ममा जन्मियो त्यहि धर्म अनुसार मरेपछि संस्कार गरिन्छ भने मृतक आत्माले शान्ति पाउँदछ । तर देश धर्म निरपेक्ष भएपछि अब धर्म माने पनि हुने नमाने पनि हुने आफ्नो धर्म छाडी अर्काको धर्ममा गए पनि हुने भएको छ । त्यस्तै गाई राष्ट्रिय पवित्र पुजनीय प्राणी रहेकोमा काटेर खाए पनि केही हुन्न भन्दै केही दिन पहिला ललितपुर जिल्लामा तामाङहरूले काटी खाएका थिए । धार्मिक मठ मन्दिरको आम्दानी राम्रो छ भने आँफू संयोजक/व्यवस्थापक बन्ने, होइन भने भत्किनै लागेको मुक्तिनाथको मन्दिर मर्मत गर्न नहुने कस्तो लाजै नलाग्ने चरित्र हो । गणतन्त्र पार्क बनाउन करोडौं रुपियाँ हुने, मुक्तिनाथको मन्दिर मर्मत गर्न खर्च नपुग्ने यो कस्तो वौद्धिक दरिद्रता हो । आदरणीय पाठक! नेपालको कानून पनि निरपेक्ष भैसकेको छ । बालकृष्ण ढुंगेल जस्ता हत्यारा अदालतले जरिवानाको फैसला तोके पनि बाहिर खुलै हिंडिरहेका छन् जवकि जयप्रकाश प्रसाद गुप्ता जस्ता व्यक्ति यसै देशका नागरिक हुन् जेलको जीवन बिताइरहेका छन् । देशमा आम जनताको सरकारै छैन । हुने खानेको मात्र छ । भोलि फेरि चुनावी मैदानमा जाँदा चुनाव जितिएला न जितिएला नेपाली महिलाहरूले गरेको मतदानबाट जितेकाहरूले चार वर्ष राज्यको ढिकुटी खाईसके अब कम्तिमा एक वर्ष विना चुनाव खान पाएसम्मको प्रयास चल्दैछ । चुनाव जितेर सरकार बनाउँदा आफ्नै पार्टीका मोराहरू सरकार ढालेर हैरान पार्छन् सबै पार्टी मिलेर गएपछि खाने कुरामा कस्को विरोध ? अझै एकपटक म्याद थपेपछि वर्तमान सरकारको आयु पाँच वर्षको हुनेछ जो राणा, पञ्चायत पछिको पहिलो रिकर्ड हुनेछ । आदरणीय श्रोता, पाठक वर्ग देशको दुर्गतिको हामी अन्तिम अवस्थामा आइपुग्यौं । यो देशलाई जोगाउन सक्ने कोही छ तपाईं हामी मध्ये भने आम पीडित जनतासंग हातेमालो गर्दै अगाडि बढौं ।

अन्त्यमा देशको सबभन्दा ठूलो पार्टी भएको दावी गर्ने माओवादी, एमाले तथा मधेशवादी, नेपाली कांग्रेस पार्टीका नेता एवं कार्यकर्तालाई म भन्न चाहन्छु तपाईंहरू पनि लेख्न, बोल्न पाईने हाम्रै लोकतान्त्रिक प्रणालीको घरभित्र आइपुग्नु भएकोले र घरको समस्या मलाई खपिनसक्नु भएकाले समग्र म जस्ता पीडित नेपाली जनता तथा विदेशमा रहनुभएका नेपाली दाजुभाईको प्रतिनिधित्व गर्दै यो पत्र लेखेको छु । तपाईं यो देश वर्वाद पार्ने सबै सुधिने हो कि म लगायत हामी समग्र निमुखा नेपालीलाई मार्ने हो तपाईंको जिम्मा ।

## भविष्यवाणी भेटवार्ता

# "ज्योतिषप्रति अधिकांश नेपालीको विश्वास छ"


डा. वीरबहादुर खनाल क्षेत्री

**परिचय :** मध्यम वर्गीय किसान परिवारमा पिता पदमबहादुर खनाल क्षेत्री, मंगलादेवी खनाल क्षेत्रीका तीन छोरामध्ये माईला सुपुत्रका रूपमा वि.सं.२०२२ साल आश्विन २८ गते बिहीबारका दिन हंशपुर-३, माझगाउँ कास्की जिल्लामा जन्मनुभएका डा.वीरबहादुर खनाल क्षेत्री नेपाल प्राज्ञमञ्च पोखराको सदस्य हुनुहुन्छ । उहाँ विभिन्न विद्यालयहरूको शिक्षण पेशामा सक्रिय हुँदै वि.सं.२०५१ देखि वन विज्ञान अध्ययन संस्थान पोखरामा प्राध्यापनरत हुनुहुन्छ । डा. क्षेत्रीले अरुणोदय नि.मा.वि. हंशपुर, कास्कीबाट विद्यालयको औपचारिक शिक्षा प्रारम्भ गरी गण्डकी ब्वाइज बोर्डिङ स्कूल लामाचौर, पोखराबाट वि.सं.२०४० सालको एस.एल.सी. परीक्षामा प्रथम श्रेणीमा उत्तीर्ण हुनुभएको थियो । उहाँले एस.एल.सी.पश्चात् आइ.एस.सी., बी.एस.सी पी.एन.क्याम्पस पोखरा, एम.एस.सी. (तथ्याङ्कशास्त्र) त्रि.वि.कीर्तिपुर, वि.सं.२०६२ सालमा एम.एस.सी. इन नेचुरल रिसोर्सेस म्यानेजमेन्ट विषयमा नर्वेको युनिभर्सिटी अफ लाइफ साइन्सेसबाट पूरा गर्नुभएको थियो । अध्ययनकै क्रममा उहाँले डेनमार्कको फ्याकल्टी अफ लाइफ साइन्सेस युनिभर्सिटी अफ कोपेनहेगनबाट वि.सं.२०६७ सालमा 'फरेस्ट्री एण्ड नेचुरल रिसोर्स म्यानेजमेन्ट' शीर्षकमा विद्यावारिधि (पी.एच.डी.) गर्नुभएको छ । सानै उमेरदेखि जेहेन्दार छात्रवृत्तिबाट पढाई पूरा गर्नुभएका डा.क्षेत्रीले त्रि.वि.नेपाल राष्ट्रिय शिक्षक संगठन युनाइटेड मिसन टु नेपालबाट छात्रवृत्ति पुरस्कार, नोराड फेलोशिप पुरस्कार, डेनिडाबाट पी.एच.डी. छात्रवृत्ति पुरस्कारबाट सम्मानित एवम् पुरस्कृत भैसक्नु भएको छ । राजनीतिमा खासै चाँसो नराख्ने डा.क्षेत्री नेपाल प्राज्ञ मञ्च पोखराका सदस्य, डानिडा फ्रेन्डेड रिसर्च प्रोजेक्टको सोसियो इकोनोमिक को-अर्डिनेटर, हंशपुर थुम्की समाजका सदस्य, काठमाडौं वन विज्ञान क्याम्पसका शेयर सदस्य, सिद्धि विनायक बचत तथा ऋण सहकारीका शेयर सदस्य, हंशपुर थुम्की बचत तथा ऋण सहकारीका शेयर सदस्य, इन्टरनेशनल एशोसिएशन फर स्टडी अफ द कमन्सका सदस्य, नेपाल तथ्याङ्कशास्त्र संगठनका सदस्य, नेपाल प्राध्यापक संघ वन विज्ञान अध्ययन संस्थानका सदस्य, प्रगतिशील प्राध्यापक संघ वन विज्ञान अध्ययन संस्थान पोखराका सदस्य, बुद्धिजीवि परिषद् पोखराका सदस्य लगायत अन्य सङ्घ-संस्थामा आबद्ध हुनुहुन्छ । उहाँले जर्मनबाट प्रकाशित कम्युनिटी फरेष्ट्री इन हिल्स अफ नेपाल( वि.सं.२०६६), स्टेक होल्डर प्रस्पेक्टिभस् अन प्याट्रन एण्ड कजिज अफ फरेष्ट क्राइम इन कम्युनिटी फरेष्ट्री इन नेपाल (वि.सं.२०६६) लगायत करिब तीन दर्जन अन्तर्राष्ट्रिय जर्नल, १ दर्जन शोधपत्र, कार्यपत्र लेखन तथा प्रस्तुत गरिसक्नुभएको छ । प्रस्तुत छ ज्योतिष भविष्यवाणी साप्ताहिक प्रतिनिधि हरि पन्तले उहाँसंग भेटवार्ताको क्रममा गरेको कुराकानीका अंश :

ज्यो.भ.-डा.क्षेत्रीज्यू, तपाईंलाई हाम्रो ज्योतिष भविष्यवाणी साप्ताहिकमा हार्दिक स्वागत छ ।

डा.क्षेत्री - हजुर, धन्यवाद !

ज्यो.भ.-यतिधेरै पढ्न कसरी सम्भव भयो ? यतिधेरै पढ्छु भन्ने सोचाई कहिलेबाट आयो ?

डा.क्षेत्री- जब म चार कक्षामा फेल भएँ त्यसपछि मलाई पढ्न अत्यन्तै हौसला मिल्यो । लगातार मेहनत गरें । अग्रजहरूको देखासिकी, धेरैतिर मन नडुलाई पढाइमामात्र ध्यान दिएकाले सम्भव भएको हो । आमा सानैमा बित्नुभयो । मेरो बुबाले आँफू नखाएर पनि मलाई पढाउनुभयो । यसमा मेरो बुबाको ठूलो सपना थियो धेरै पढाउन । बुबा सामाजिक व्यक्तित्व पनि हुनुहुन्थ्यो ।

ज्यो.भ.- पढ्दा कस्तो संघर्ष गर्नुभयो ?

डा.क्षेत्री-आमा नभएकाले पढ्नमा केही समस्या हुने नै भयो । कक्षा सातसम्म पढ्नमा आर्थिक समस्या हुने गर्दथ्यो । जब म पढाइमा उत्कृष्ट हुँदै गएँ त्यसपछिका दिनमा लगातार विभिन्न संघ-संस्थाले प्रदान गरेको छात्रवृत्तिबाट पढ्न पाएकोले खासै समस्या परेको थिएन । छात्रवृत्तिबाटै विद्यावारिधि समेत गर्न सफल भएको छु । संघर्ष भनेको विभिन्न किसिमका दु:ख, पीडा हो । यो एउटा समय हो । यसलाई चिनेर काम गर्न सके सफलता प्राप्त गर्न सकिन्छ ।

ज्यो.भ.- प्राध्यापन पेशामा आउनुको कारण ? अहिले कस्तो लाग्छ ?

डा.क्षेत्री-आफूले जानेका कुराबाट अन्य नयाँ कुरा उत्पादन गर्न, अन्य भन्दा यो स्वतन्त्र पेशा भएकाले यो मलाई अत्यन्तै मन पर्छ । पहिला-पहिला यो अत्यन्तै स्वतन्त्र पेशा थियो अहिले खिया लाग्न थालेको छ । मैले यसबाट धेरै आनन्द लिएको छु र निकै खुशी पनि छु ।

ज्यो.भ.- अहिलेको शिक्षा नीति कस्तो लाग्छ ?

डा.क्षेत्री-पाठ्यक्रममा निकै अन्तर छ । पहिला किताबी ज्ञानमात्र थियो अहिले विभिन्न प्रविधिहरू आइसके । पहिलाको भन्दा शिक्षाको गुणस्तर निकै माथि छ तर विद्यार्थीहरूमा लगनशिलता छैन । समयानुकुल स्रोत र साधनको अभावले शैक्षिक सामग्री नहुँदा पढाउन केही कठिन भए तापनि पहिलाभन्दा अहिले पढाउन पनि सजिलो छ । नेपालको शिक्षा नीति पनि अत्यन्तै राम्रो छ । भएको शिक्षा नीतिलाई व्यवहारमा उतार्न नसक्नु कमजोरी हो । शिक्षाको सबै नीति त्रि.वि.मा रहने हुनाले कार्यान्वयन पक्ष फितलो भएको हो । यसलाई विषय र क्षेत्रगत हिसाबले छुट्याउनु पर्छ । शिक्षा नीतिले नेपालका प्राज्ञिक व्यक्तिहरूलाई सम्मान र अवसर दिन सकेको छैन । नेपालका धेरै प्राज्ञिक व्यक्तिहरू विदेशिएका छन् तिनलाई स्वदेश फर्काउन शिक्षा नीतिले भूमिका खेल्न सक्नुपर्छ ।

ज्यो.भ.- शिक्षा व्यापारीकरण भएको भन्छन् नि ?

डा.क्षेत्री- हो, शिक्षा महंगो छ । सरल र सुलभ शिक्षा दिन राज्य असफल भएकोले यस्तो हुन गएको हो । यसको जिम्मेवारी सरकारले लिंदै यसमा भएको व्यापारिकरण रोक्नुपर्छ ।

ज्यो.भ. - शिक्षा क्षेत्रमा राजनीति हावी छ नि ?

डा.क्षेत्री-हो, शिक्षामा राजनीति पनि छ । विश्वविद्यालयका प्रमुख पदहरू प्राज्ञिक हिसावले नगरी राजनैतिक हिसावले भागवण्डा गर्ने गरेकाले यस्तो हुन गएको हो । यसमा मेरो पनि आपत्ति छ । सरकारले शैक्षिक क्षेत्रमा भएको राजनीति रोक्न सक्नुपर्छ । शिक्षा क्षेत्रको राजनीति पेशागत हक हितका लागि मात्र गर्नुपर्छ ।

बाँकी ५ पेजमा...

# मनकामना महाकाव्यको संक्षिप्त समीक्षा

नेपाली साहित्यको इतिहासमा मिजुरेडाँडा-६ गोर्जे कास्कीमा जन्म भै फूलवारी-३, कैलाली निवासी रामनाथ अधिकारी 'संगी' एक स्थापित साहित्यकार हुनुहुन्छ । वि.सं. २००६ साल माघ ८ गते शुक्रबार पिता नारायणदत्त अधिकारी, माता गंगादेवी अधिकारीको कोखबाट जन्मनुभएका रामनाथको विवाह रमादेवी अधिकारीका साथ भएको हो । दुई सुपुत्र नवराज, सत्यराज तथा दुई सुपुत्री शारदा र विष्णुकुमारीका पिता संगीको शिक्षा दीक्षा सामान्य रहेको छ । कृषि, लेखापढी, समाज सेवा हुँदै उहाँ पछिल्ला दिनमा साहित्य र ज्योतिष पत्रकारिता सेवामा सक्रिय रुपमा लाग्नुभएको पाइन्छ ।

वि.सं.२०६३ को कुनै महिनाको बिहान कहाँ त कैलाली निवासी रामनाथ कहाँ त खुर्कोट-४ पर्वत जिल्लामा जन्म भै मेची-महाकाली ज्योतिष जागरण अभियानको संयोजक रुपमा म हामी बीच जम्का भेट भयो पोखरा-२ अर्चलबोटस्थित ज्योतिष भविष्यवाणी राष्ट्रिय साप्ताहिक कार्यालयमा । देख्दैमा भद्र नम्र शिष्ट धार्मिक लाग्ने रामनाथको हातमा करीब पाँच सय पृष्ठको स्वस्थानी महाकाव्यको पाण्डुलिपि थियो । मेरो लायक केही सेवा छ कि ? अनुरोध गर्दा उहाँले महाकाव्यको भूमिका लेखिदिन अनुरोध गर्नुभयो । श्री स्वस्थानी महाकाव्यको आद्योपान्त पाण्डुलिपि अध्ययन पश्चात् संक्षिप्त शुभकामना लेखें जो मेरा लागि पनि पहिलो शुभकामना थियो महाकाव्यस्तरको साहित्यिक कृतिमा ।

'हुने बिरुवाको चिल्लो पात' भनेजस्तो स्वस्थानी महाकाव्यको पाण्डुलिपि अध्ययन गर्दा नै अनुभव गरेको थिएँ यी महाकाव्यकारका कलमबाट दर्जन महाकाव्य आउने छन् । त्यो अनुमान भविष्यवाणी आज सत्य हुन गैरहेको छ एक पछि अर्को महाकाव्यको रचना हुँदै जानुले । वि.सं.२०६४ मा प्रकाशित स्वस्थानी महाकाव्य पश्चात् यी महाकाव्यकारलाई स्वस्थानी परमेश्वरीको साक्षात् सिद्धि प्राप्त जस्तो भैरहेको छ । उहाँबाट नेपाली साहित्यका प्रखर कवि महाकाव्यकार एवम् सुदूर पश्चिमाञ्चलका प्रतिष्ठित साहित्यकार ज्योतिर्विद् मनिराज जोशी बारे मनिराज महाकाव्य रचना वि.सं.२०६४ मा भै २०६५ मा प्रकाशित भैसकेको छ । त्यस्तै उहाँबाट वि.सं.२०६६ मा बलराम महाकाव्यको रचना भयो । साथै वि.सं. २०६७ मा देवराज महाकाव्यको रचना भयो । प्रत्येक वर्ष एक महाकाव्यको रचना गर्ने गति फेरि पनि अगाडि बढ्यो वि.सं.२०६८ मा माधव महाकाव्यको रचना तथा प्रकाशन दुवै कार्य भयो । हाल तपाईं हाम्रो हातमा आउन सफल मनकामना महाकाव्यको रचना वि.सं.२०६८ मा भैसकेको थियो भने प्रकाशन वि.सं.२०६९मा हुन गैरहेको छ । यसप्रकार रचनाका दृष्टिकोणले १.स्वस्थानी महाकाव्य २.मनिराज महाकाव्य ३.बलराम महाकाव्य ४.देवराज महाकाव्य ५.माधव महाकाव्य ६. मनकामना महाकाव्य क्रमश: रहेका छन् । प्रकाशनका दृष्टिले स्वस्थानी, मनिराज, माधव महाकाव्य बजारमा आइसकेका छन् भने बलराम महाकाव्य, देवराज महाकाव्य क्रमश: प्रकाशनमा आउँदै छन् । वि.सं.२०३० सालमा कास्की जिल्लाको कविता प्रतियोगितामा प्रथम भएका कवि फुटकर असङ्ख्य कविता हुँदै खण्डकाव्य, शोककाव्य, चम्पुकाव्य रचना पश्चात् महाकाव्य विधामा सशक्त रुपमा चलिरहेको छ ।

महाकाव्य रचना कुनै पनि कविको जीवनमा उत्कृष्ट सिर्जना मानिन्छ । जीवनमा महत्वपूर्ण योगदान दिएका अथवा योगदान दिई स्वर्गीय भएका उत्कृष्ट पात्रलाई केन्द्रविन्दु बनाई विभिन्न छन्दमा रोचक अलङ्कारको समेत प्रयोग गरी कम्तिमा आठ सर्गको रचनालाई न्यूनतम् महाकाव्य मान्ने गरेको परम्परा छ । प्रकृति, सूर्य, चन्द्रमाको वर्णनका साथै समस्त एउटा दर्शन दिन सक्ने रचनालाई महाकाव्यको रुपमा स्वीकार्न सकिन्छ । महाकाव्यको मूलपात्र स्वर्गीयमात्र हुने गरेको नेपाली साहित्यको परम्परालाई तोड्दै महत्वपूर्ण योगदान दिने व्यक्तिलाई जीवितै मूल्याङ्कन गर्नु उस व्यक्तिप्रतिको यथार्थ सम्मान हो भन्ने मान्यता स्थापित गरेका नेपालकै स्थापित पोखरेली महाकाव्यकार माधव वियोगीको प्रभाव रामनाथ अधिकारी 'संगी'मा स्पष्ट देख्न सकिन्छ । महाकाव्यकार माधव वियोगीले नेपाली साहित्यिक फाँटमा लगाएको ठूलो गुन यो पनि एक हो । अन्यथा आज आ-आफ्ना ठाउँबाट महत्वपूर्ण योगदान दिने व्यक्तिबारे यति धेरै महाकाव्य रचना गरिने आँट हुन्थ्यो भन्न सकिन्न । स्वयम् माधव वियोगीले प्रत्येक वर्ष एक-एक महाकाव्यको रचना गरिरहनु भएको छ ।

महाकाव्यकार रामनाथको कलम यति सशक्त हुनुका पछाडि महत्वपूर्ण दुई कारण रहेका छन् । एक उहाँ जन्मजात धार्मिक सिद्धिप्राप्त व्यक्तित्व हो । स्वस्थानी महाकाव्यको रचना, प्रकाशन पश्चात् साक्षात् स्वस्थानी देवीको आशिवार्द उहाँले पाइरहनु भएको छ । अर्कोतर्फ अङ्ग्रेजी कवि कलरिज र वर्डस वर्थ जस्तै आफ्ना घनिष्ट सहयोगी मित्र डा.बलराम उपाध्याय रेग्मीको पनि महत्वपूर्ण हात छ । रचनाको दृष्टिकोणले छैटौं रहेको मनकामना महाकाव्यको रचना सम्पूर्ण वि.सं.२०६८ चैत्र मशान्तभित्रै भैसकेको हो । पाँच-पाँच महाकाव्यको रचना पश्चात् महाकाव्यकारको कलम अर्को महाकाव्य जन्माउने तरखरमा लागेको जानकारी प्राप्त भयो । महाकाव्य देवी दुर्गाको बारेमा स्रोत सप्तशती चण्डी भन्ने केही जानकारी प्राप्त भए पश्चात् महाकाव्यको शीर्षक मनकामना राखौं मैले प्रस्ताव गरें । दुर्गा, सरस्वती, लक्ष्मी, कालिका, विन्ध्यवासिनी, भद्रकाली, अट्कला, ढोरबाराही, गोरखकाली, गुहेश्वरी, शोभा भगवती, दक्षिण कालिका, शैलेश्वरी, शाकंभरी, कामाक्षादेवी, माता मनकामना आखिर सबै भगवतीका रुप हुन् । भगवती दुर्गाका सयौं रुपमध्ये माता मनकामना एक हुनुहुन्छ । शीर्षक चयन भयो मनकामना ।

वि.सं.२०४३मा माता मनकामनाको पहिलो पटक नाम सुनेपछि जीवनकै बाटो अलमलिन पुग्दा मनकामना देवीको प्रार्थना भाकल मैले गरेको थिएँ शतप्रतिशत सत्य सावित भयो । म जस्ता लाखौं व्यक्तिलाई मनकामना देवीले मनको कामना पुऱ्याइदिनु भएको छ । प्रथम, दोस्रो विश्वयुद्धमा लड्न गएका नेपाली लाहुरेले लडाईं जितेर जीवितै फर्कन सकौं भनेर गरिएको भाकल पूरा गर्दा मनकामना देवीको शिलामा चट्चटी पसिना आएको कुरा मनकामनाका पूजारीबाट जानकारी प्राप्त भएको छ । यस्ती साक्षात् देवी मनकामनाको वरदान प्राप्त व्यक्तिबाट केही न केही स्मरण योग्य काम गर्नुपर्छ भन्ने सोचको परिणाम हो मनकामना महाकाव्य । मूलत: मनकामना महाकाव्य रचनाको स्रोत मार्कण्डेय पुराण तथा सप्तशती चण्डी रहेका छन् भने गोर्खा जिल्लाको सनत् जङ्गल पुगी मनकामनाको उत्पति बारे थप अनुसन्धान गरी यो महाकाव्य रचना गरिएको छ । यो कृति सिधै मार्कण्डेय पुराणको अनुवाद पनि होइन सप्तशतीको भावानुवाद अथवा छायानुवाद पनि होइन । यो मौलिक रचना हो । बीस सर्गमा कीर्तन, अनुष्टुप, शार्दुलविक्रीडित, झ्याउरे भजन, कर्खा, लोकलय, विरही, भविपुला, उपजाति, चुड्का जसलाई ख्याली पनि भनिन्छ, शिखरिणी, मन्दाक्रान्ता, वितान, वशन्ततिलका, तोटक, असारे, शशिवदना समेत २१ विविध छन्दमा रचित यो महाकाव्य नेपाली धार्मिक साहित्यको इतिहासमा उत्कृष्टमध्ये एक हो । पहिलो सर्गमा श्लोक ५४, दोस्रोमा १४६, तेस्रोमा ९७, चौथोमा ६०, पाचौंमा ७५, छैटौंमा ५४, सातौंमा ६२, आठौंमा १३१, नवौंमा ११०, दशौंमा १०६, एघारौंमा ११०, बाह्रौंमा १४१, तेह्रौं सर्गमा ७१, चौधौं सर्गमा ७३, पन्ध्रौंमा १३३, सोह्रौंमा ८३, सत्रौंमा ८३, अठारौंमा १०३, उन्नाइसौं सर्गमा ७२ तथा बीसौं सर्गमा ८३ श्लोक क्रमश रहेका छन् । विगत सत्र पुस्तादेखि लखन थापाको वंशजबाट नित्यपूजा गरिँदै आएको मनकामना देवीको उत्पतिको कथा रोचक छ । गोर्खा जिल्लामा राम शाह राजाकी पत्नी लिलावती रहनुभएको थियो । जब राजाको मृत्यु भयो तब मर्स्याङ्दी र दरौंदी नदीको संगममा दाहसंस्कार गर्दा रानी लिलावती पनि सती जानुपरेछ । सती जाँदा आफ्ना दरवारका सेवक लखन थापा डाँको छाडेर रुनुभएछ । तब रानी लिलावतीले लखन थापालाई सम्झाउँदै भन्नु भएछ 'म यही गोर्खा जिल्लाको सनत् जङ्गलमा मनकामनाको रुपमा देखा पर्नेछु । तिम्रो वंशजले पूजा गर्नेछ । ज-जसले मलाई पूजा गर्नेछन् उनीहरूको मनोकाङ्क्षा पूरा गरिदिनेछु ।' भन्दै सती जानुभएको रहेछ । रानी लिलावती सती गएको सात महिनापछि गोर्खाको सनत् जङ्गलमा जोत्दा एउटा गरोको बीचमा माता मनकामनाको मूर्ति भेटिएछ । 'मलाई लगेर पूजा गर्नु' मनकामना देवीको आदेश अनुसार सो गोर्खाको मनकामना मन्दिर बनाइएको रहेछ । मनकामना देवीकै निकट वाक्येश्वरी देवीको पनि स्थापना भएको छ जुन ठाउँमा दर्शन गरेमा वाक्य नफुटेका व्यक्तिहरू बोल्न थाल्दछन् भन्ने मान्यता रहिआएको छ । माता मनकामना देवीको शक्ति यति साक्षात् छकि कुनै व्यक्तिले मनकामना जान पाए! भन्ने मनमा मात्रै सोच्यो तर दर्शन गर्न गएन भने रहस्यात्मक बिरामी पर्ने र तान्त्रिक कहाँ हेराउन जाँदा 'मनकामनाको भाकल रहेछ । धूपबत्ती लगेर दर्शन गरी आउनु होस्, ठीक हुन्छ' भनेपछि सोही अनुसार गर्दा व्यक्तिहरू ठीक भएको दर्जनौं उदाहरण म आँफैसंग छन् । मजस्तै हजारौं व्यक्तिले गोर्खाकी माता मनकामनाको शक्तिले आ-आफ्ना क्षेत्रमा उच्च सफलता प्राप्त गरिरहेको वैज्ञानिक पुष्टि भैसकेको छ । कुनै पनि व्यक्तिले माता मनकामनाको शक्तिको परीक्षण गर्न चाहन्छ भने हामी वैज्ञानिक पुष्टि गरिदिन सक्दछौं ।

महाकाव्यकारले माता मनकामना देवीको प्रार्थनाबाट लेख्न आरम्भ गर्नुभएको छ भने देवीको आरतीमा महाकाव्यलाई बिट्मार्नु भएको छ । आज मनकामना मन्दिरमा जे जस्तो भीड देखिएकोछ त्यसको उत्कृष्ट चित्रण यसमा गरिएको छ । जस्तै -'मनकामनाका ईच्छा पूर्णता गर्ने हे मनकामना । भाकलहरू गरिन्छ धेरै देवीका नाममा।। सम्पूर्ण पूर्ण गर्दछयौ आमा मनले माँगेका । आस्थाले वर माग्दछ भक्त मनमा लागेका।।' (सर्ग १ श्लोक १०४) माता मनकामना महाकाव्यमा आज समग्र नेपाली स्वदेशी तथा विदेशी आम भक्तजनले जे वैज्ञानिक शक्ति प्राप्त गरिरहेका छन् जस्ताको तस्तै चित्रण यसमा गरिएको छ । महाकाव्यकारले स्वयम् मनकामनाको दर्शन गरी भक्तजनहरूबाट प्राप्त प्रतिक्रियालाई जस्ताको तस्तै राख्नुभएको छ-'भाकल पूरा भएका धेरै प्रमाणहरू छन् । आमाको कृपा करुणाबाट भक्तजन खुशी छन् ।। जे वर माग्यो मिल्दछ तेही छोरा र सम्पत्ति । चाहेको वस्तु प्राप्त भै दिंदा खुशी छन् दम्पत्ति ।।' (सर्ग-१, श्लोक १०५) नेपालको एकमात्र केवलकार मनकामना दर्शन प्रा.लि.को प्रसंग महाकाव्यमा पर्नु प्रत्यक्ष प्रमाणको रुप हो भने कुन ठाउँदेखि मनकामना जाँदा कति किलोमिटर मार्ग पर्छ त्यसको समेत सजीव चित्रण यसमा गरिएको छ । एकातर्फ देवीको उत्पत्तिदेखि दैत्य विनाशसम्मको वीरतापूर्ण महिमा गाइएको छ भने अर्कोतर्फ सप्तशती चण्डी अन्तर्गत स्वयम् देवीद्वारा प्रकट गरिएका महात्म्यलाई समेत उल्लेख गरिएको छ । राजा सूरथ र वैश्यको कथा समग्र सप्तशती चण्डी ग्रन्थको स्वाद यसै ग्रन्थमा प्राप्त गर्न सकिन्छ भने अर्कोतर्फ महाकाव्यकारले माता मनकामनाको प्रत्यक्ष दर्शन, अवलोकन गरी उत्पत्तिदेखि वर्तमान स्वरुप शक्ति समेतको व्यवस्थित चित्रण गर्नुभएको छ । सप्तशती चण्डी अन्तर्गतको कवच, अर्गला, कीलक तथा समग्र देवीको गाथा यसमा वर्णन गरिएको छ-'नष्ट हुन्छन् सबै रोग टाढा हुन्छन् सबै नशा । कुनै प्रभाव पर्दैन सुधारिन्छ सबै दशा'।। यो स्वयम् भगवती देवीको



डा.बलराम उपाध्याय रेग्मी

भनाइ हो । महाकाव्यको शुरुदेखि अन्त्यसम्म भावना, कल्पना सलल बगेको पाइन्छ-'देऊ मलाई हे देवी ! जय रुप र अस्मिता । काम क्रोध दुवै शत्रू हे दुर्गा ! नाश कारिका।।' (सर्ग ६, श्लोक २६) 'सोच्नै नसकिने द्विव्य तिम्रो रुप चरित्र छ । तिमी नै शत्रूको नाश गर्दछ्यौ ध्रुव सत्य छ' (सर्ग ६ श्लोक ३३) त्यस्तै 'रुप देउ जय देउ यश देउ आमा ! शत्रूनाशी पूरा गर मेरा सबै काम !!'(सर्ग ६, श्लोक ४४) जस्तो कुनै पनि धार्मिक ग्रन्थको पाठ गर्ने महिमा गाइएको हुन्छ त्यस्तै यो धार्मिक महाकाव्य मनकामना भित्र ग्रन्थ अध्ययनको महत्वलाई दर्शाइएको छ-'गर्छ यो जसले पाठ खुशी भै मनकामना । देवीका वरले पूर्ण हुने छन् जनचाहना ।।'(सर्ग ६, श्लोक ४८) कुनै पनि व्यक्ति धार्मिक कार्यमा त्यत्तिकै लागेको हुँदैन । उसले पनि देवी देवताको शक्ति शुभ अशुभको प्रभाव प्रत्यक्ष व्यहोरेको हुन्छ भन्ने प्रमाण हो-'देवीको मन्त्र हो एक कार्य सिद्धि गराउने । सुरता धैर्यता शान्तिबाट चिन्ता हराउने' (सर्ग ७, शलोक ७) कुनै व्यक्ति एक पटक जता पनि पुग्न सक्छ तर पटक-पटक एउटै आस्थामा अडिग रहनका पछाडि वैज्ञानिक तथ्य हुन्छ-हुन्छ ।'यतिमात्र कहाँ हो र अभिष्ट वस्तु छन् जति । मनले चाहना गर्दा सिद्ध हुन्छन् सबै र ती ।।'(सर्ग ७, श्लोक १२) हामी दुर्गा भनौं अथवा मनकामना, अम्बिका भनौं अथवा काली रुप देवीकै हुन् 'कहिले चण्डीको रुप, कहिले मनकामना । कहिले अम्बिका रुपले कहिले मनकामना ।।'( सर्ग ७, श्लोक ५४), महाकाव्य लेखनको प्रमुख उद्देश्य बारे रचनाकार बताउनुहुन्छ-'देवीको महिमा व्याख्या गर्दछु यस काव्यमा । देवी दानवको युद्ध भर्दछु यस काव्यमा।।'(सर्ग ७, श्लोक ५८) मनकामना महाकाव्य हो या होइन भन्ने सन्देशलाई महाकाव्यकारले महाकाव्य नै भएको ठोकुवा गर्नुभएको छ-'पुत्र हुम् आमा आदेश देउ हे मनकामना । लेख्दछु अव यो महाकाव्य म तिम्रै नाममा ।।'(सर्ग ८, श्लोक ५) दुर्गा सप्तशतीमा राजा सूरथको

**बाँकी ४ पेजमा...**

## मनकामना...

राज्य खोसिएको, एउटा व्यापारी वैश्यलाई घर परिवारका व्यक्तिबाट नै लखेटिएको कटु चित्रणले जीवन आँफैमा केही होइन भन्ने सन्देश समेत यो कृतिबाट पाइन्छ-'खोसे सन्दुषको चापी कुटपीट गरिकन । खेदी जङ्गलमा पस्दा पनि स्नेह अझै किन ? चढ्दैन शैलमा पानी बग्दछ तल कलकल । खेदियौ तोडियौ नाता सम्झन्छौ अझ झलझल ।।'(सर्ग ८,श्लोक ३२/३३) मानव जीवनमा सुख दु:ख जे परे तापनि सहनुको विकल्प छैन भन्ने स्थायी सन्देश मनकामनाले दिन पुग्नुभएको छ-'विधान विधिको यस्तै दु:ख सुख निरन्तर । कर्ममा जे रहेको छ त्यहि नै भोग्नु पर्दछ ।'(सर्ग ८, श्लोक ३४) एकनाश कहाँ हुन्छ भिन्नै छ जीवको गति, देख्दैनन् दिनमा कोही देख्दैनन् रातमा कति ।।'(सर्ग ८, श्लोक ४८) 'आखिर मानव जीवनको मोक्षको बाटो कुन हो त ? समान देखने बानी सबैमा हुनु पर्दछ । ज्ञान प्राप्त गरौं राजा मोह सम्पूर्ण हट्दछ' मेघा ऋषि बताउनु हुन्छ ।(सर्ग ८, श्लोक ५१) यस कृतिमा वीर रसका प्रसंग पनि त्यत्तिकै रोचक रहेका छन् । जब घमण्डी दैत्य मधु र कैटभ लडाई गर्न भगवान विष्णुसंग जान्छन्-'युद्ध यो जित्दछौं हामी बर माँग छिटै बरु । हार स्वीकारनु भन्दा उपाय छैन क्यै अरू' तब भगवान विष्णु भन्नुहुन्छ-'औचित्य अरु क्यै छैन अन्य माँगु भने पनि । मोर दानव हो मार्छु बसुँला ढुक्कले अनि' यो प्रसंग ज्यादै घत लाग्दो छ ।

महाकाव्यमा असत्को हार र सत्यको विजय पक्षलाई स्पष्ट पारिएको छ-'मधु र कौटभ ती बोले कमलनेत्र हरिसंग । बाचामा बाँधियौं हामी मारलौ मर्दछौं अब'(सर्ग ८, श्लोक १२३) विषय वस्तु विशुद्ध धार्मिक भए तापनि भाषाको प्रयोगमा काव्यकार आधुनिक छन् भन्ने तथ्य सर्वत्र पाइन्छ-'हजारौं ती बाहुबाट आच्छादित दिशा । आएको झैं लाग्थ्यो हेर्दा दानवको भिषा।।'(सर्ग ९, श्लोक ४८) देवीको महिमा विषयमा केन्द्रित यो महाकाव्य यथानाम तथा गुण वेजोड प्रस्तुतिको रहेको छ-'धरतीमा जति थिए ठूला साना दैत्य । लड्न भनी जम्मा भए भगवती सित । खुवी भए आओ लड भन्छिन् भगवती । देवी साथ लड्न लागे दैत्यहरु जति ।।'-देवीका साथमा युद्ध ठूला दैत्य मिली गरे । देवी कै तेजले सारा सेना दानवका मरे ।।(सर्ग ९, श्लोक ५९) सृष्टिकर्ता ब्रम्हा पालन पोषण कर्ता विष्णु, संहार कर्ता शिवजीलाई मानिएको छ । तर समस्त संसार चलाउने शक्ति नै हो । त्यो शक्ति भगवती देवीमामात्र छ जुन सबै देवी देवताद्वारा नै प्रदान गरिएको हो । जो व्यक्तिले मृत्युपछि मोक्षको कामना गर्छन उनीहरू भगवान विष्णुको ध्यान आराधना गर्ने गर्दछन् । जो व्यक्ति शक्ति सुख भोग चाहन्छन् । मृत्यु पश्चात् पनि देवीका साथमा रहन चाहन्छन् अथवा जीवितै छँदा निरोगी, सुखी रहन चाहन्छन् ती व्यक्ति सधैं देवीको उपसनमा लाग्दछन् ।'धन्यछन् देवीका भक्त धन्य छयौ परमेश्वरी । आरती अर्चना गर्छौं आमालाई जुनी भरी ।।'(सर्ग ९, श्लोक ५१) महाकाव्यकार प्रोफेशनल ज्योतिषी नभए पनि ज्योतिष पत्रकारका रुपमा सेवारत भएकाले कतै ज्योतिषको प्रसंग पनि भेटिन्छ - 'मैले बुझें कष्ट छ घोर किन्तु । भागे **दशा** क्यै अहिले परन्तु ।। ईच्छा सबै पूर्ण गराउने छु । शत्रू जतिमारी मराउने छु ।।'(सर्ग ९, श्लोक ९६) भगवती दुर्गा देवताहरूलाई बताउनुहुन्छ । त्यस्तै धुम्रलोचन देवीलाई भन्दछ-'ठूलो गल्ती गर्‍यौ देवी अझै के बिग्रंदो छ र ? खुरुक्क शुम्भका साथ **साईत** तत्काल नै गर ।।'(सर्ग १३, श्लोक ३६) यसमा ज्योतिष भाषाको 'साईत्' शब्दको प्रयोग भएको छ । यो महाकाव्यको रचना यथार्थ परक विषयमा आधारित छ । कोरा कल्पनालाई कतै ठाउँ दिइएको छैन । जब धुम्रलोचन देवीसंग लड्न आउँदछ । तव देवी भन्नुहुन्छ-'नारीमाथि दयाभाव गर्नुपर्ने पुरुषले । उल्टो धम्की दिंदै हिंड्छौ न्याय संगत यो छ के ? (सर्ग १३, श्लोक ४२) जस्तो मनकामना महाकाव्यमा निश्छलता भेटिन्छ-'प्रणाम गर्छु म सदैव आमा सन्तान हुँ पुत्र भिजो नमान । यी हातमा लेखनी चल्बलाए कृपा हुँदा पल्लव सल्वलाए ।।'(सर्ग १४, श्लोक२) आधुनिक एम.ए., पी.एच.डी.वाल बुद्धिजीवि चिन्तन गर्छन केही, बोल्छन् केही, गर्छन अर्कै, लेख्छन् अर्कै । मन वचन, कर्मको तालमेल खाएको देख्न पाईदैन । सामान्य व्यक्ति उच्च कोटीको विद्वान भएपछि हिजोको आफ्नो हैसियत बिर्सेको सर्वत्र पाइन्छ । तर महाकाव्यकार रामनाथ बालककालदेखि जे जस्तो हुनुहुन्थ्यो हिजो सामान्य कविको अवस्थामा हुँदा जे हुनुहुन्थ्यो आज महाकाव्यकारको रुपमा पनि कुनै प्रकारको अहम्को प्रभाव कृतिमा पाउन सकिंदैन । यद्यपि मानव एक घमण्डी प्राणी पनि हो । रचनाकारले आँफूलाई देवीका सामुन्ने घमण्डी भएको बताउनु भएको छ ।

मानव स्वभाव वश हुनै नसक्ने कुरा यो होइन । तर उहाँमा कुनै घमण्डभाव रहेको महाकाव्यले पुष्टि गर्दैन । उहाँको वर्णन शैली चित्रात्मक रहेको छ जो अङ्ग्रेज कवि स्पेन्सरमा पाइन्छ-'समात सेनाहरू हो समात । हेर्छौं कति दानव हो समात । पक्रेर ल्याओ त्यसलाई ऐले । बुझाईदिन्छु नृपलाई मैले ।।'(सर्ग १३,श्लोक १७) महाकाव्यको भाव गम्भीर हुनु जति आवश्यक छ त्यति नै रोचक तथा सम्भव भएसम्म व्याङ्ग्यात्मक हुनु पनि आवश्यक छ । त्यसको परिपूर्ति यसमा भएको छ-'समाई कतिको जुल्फी पछाडी रणमा पनि । थिचदै कतिको घाँटी शत्रुनाश गर्दछु भनि ।।(सर्ग १४, श्लोक ३९) यस पंक्तिमा 'जुल्फी' शब्दको प्रयोगले हास्य रसको सृजना गरेको छ । त्यस्तै-'तुरुन्त जाउन घेरामा पारुन कपाल तानेर । दाखिल गरुन् शुम्भका सामु दुई झापु हानेर ।।' (सर्ग १४, श्लोक १५) यो पङ्क्ति पढ्दा पाठक हाँस्न बाध्य हुन्छन् । अकोतर्फ आजको हत्या, हिंसा बलात्कारमा लागेका समाजलाई समेत एक पटक झस्किन बाध्य पारेको सन्देश यस महाकाव्यले दिएको छ-'परस्त्रीमा ईच्छा गर्नेहरुको यै हाल । हुने हुँदा सतर्क भै हृदय समाल । धर्मबाट सुख होला पापबाट दु:ख । कर्तव्यको ख्याल गरी मुक्तितर्फ जुट' जस्ता स्थायी सन्देश दिन खोजिएको छ ।(सर्ग १६, श्लोक ८२)

कस्तै धर्मप्रति विश्वास नगर्ने नास्तिक समेत यो ग्रन्थ पढे पश्चात् आस्तिक हुन बाध्य हुने र कुकर्म गर्नबाट डराउन बाध्य हुनुपर्ने प्रसंग समेत यसमा छन् । 'कुर्लिन्छ लोकमा पाप उल्लङ्घन धर्मको गरी । देवीका शक्तिका बलले जान्छन् ती सहजै मरि।'(सर्ग १७, श्लोक ६) मूलत: यो महाकाव्य धार्मिक हो भन्ने कुरामा दुईमत हुनै सक्दैन तर प्रसंग ज्योतिष भविष्यवाणीको पनि गाँसिएको छ । रचनाकारले एउटा प्रखर ज्योतिषीको जस्तो भविष्यवाणी समेत गर्नुभएको छ । यसो हुनुमा देवीको मुखपात्रको रुपमा यो भविष्यवाणी गरिएको हुनुपर्छ 'कुनै बेला धरतीमा यस्तो पनि होला । हाहाकार मच्चिएर पूरै पृथ्वी रोला । पर्ने छैन पानी जब सय वर्षसम्म । प्राणीहरू मर्छन् धेरै नसकेर खप्न।।'(सर्ग १८ श्लोक ८६) वि.सं. २०६९ वैशाख २३ गते शनिबार अन्नपूर्ण हिम शृङ्खला पैह्रो गएर कास्की जिल्लाको सेतीमा बाढी आयो । ठूलो जनधनको क्षति भयो । हिमताल फुटेर नेपाल उच्च जोखिममा रहेको जानकारी वैज्ञानिकहरूले दिइरहेको परिप्रेक्षमा माथि गरिएको भविष्यवाणी सत्य सावित हुने कुरामा शङ्का गर्न सकिदैन । समग्र नदीका स्रोत हिमश्रृङ्खला पग्लेर रित्तिएपछि नदीहरू सुक्दै जाने निश्चित छ । जब पानीका महत्वपूर्ण स्रोत नदी नै सुक्लान तब खोला, कुवाले के समाजलाई बचाउँन सक्ला ? स्वस्थानी महाकाव्यको रचना वि.सं. ३०६३ देखि हाल यो छैटौं मनकामना महाकाव्य लेखनको पाचौं वर्षको यात्रामा ६ वटा महाकाव्य लेख्न सम्भव हुनु नेपाली साहित्यिक महाकाव्यको इतिहासमा कमै हुन्छन् । भगवती स्वस्थानी देवीमा आधारित स्वस्थानी महाकाव्य महाकाव्यकार एवम् ख्यातिप्राप्त विद्वान मनिराज जोशीको व्यक्तित्व कृतित्व बारेको मनिराज महाकाव्य, मेची-महाकाली ज्योतिष जागरण अभियानका संयोजक तथा वैदिक ज्योतिष विज्ञान विश्वविद्यालय तदर्थ समिति नेपालका संस्थापक अध्यक्ष डा. बलराम उपाध्याय रेग्मी, प्रसिद्ध सन्त स्वामी देवराज आचार्य, नेपाल पञ्चाङ्ग निर्णायक समिति नेपालका अध्यक्ष तथा प्रोफेसर डा.माधव भट्टराईमा आधारित माधव महाकाव्य तथा माता मनकामना देवीमा आधारित मनकामना महाकाव्यले आ-आफ्नो क्षेत्रमा महत्वपूर्ण प्रतिनिधित्व गर्न सफल भएकाले महाकाव्यकारको विषयवस्तु चयनलाई कहिं कतै दोष, खोट देख्नुपर्ने स्वच्छ मनलाई छैन । त्यसो त रचनाकारले पनि पाठकलाई निन्दा गर्नुबाट सतर्क गराउनुभएको छ । 'नगर्नु यसमा शंका शंकाले देह जल्दछ । देवीको अपमान हुन्छ, भारी नोक्सान पर्दछ ।।'(सर्ग १९, श्लोक १८) मूलत: यो महाकाव्य मनकामना देवीको महिमा विषयमा केन्द्रित छ । जस्तो 'देवीको महिमा काव्य ग्रन्थ यो मनकामना । विभिन्न छन्दमा पस्कें पढ्नुहोला सबै जना ।।' (सर्ग २० श्लोक ४९)

अन्त्यमा रचनाकार आँफू बाल्यकालदेखि अनाथ बन्न पुगेको र आफ्ना निष्कपट् भावनाले प्रार्थना स्वरुप लेख्न सफल यो महाकाव्य देवीमा समर्पण गर्नुभएको छ 'हे माता ! म अनाथले हजुरको गर्छु र के प्रार्थना ? थाहा छैन बिहीन मन्त्रहरूमा खाली छ विद्या ममा।।' निष्कर्षमा भन्नुपर्दा महाकाव्यकारले यस कृतिमा विद्वता छाँटेको पाईदैन । छन्दको सम्बन्धमा जे जति प्रयोगमा आएका छन् भाव अनुसार बग्दा छन्दमा गुडेको होइन भाव छन्दमा गुड्न आइपुगेको प्रतित हुन्छ । आकार प्रकारले ठूलो भए तापनि यो त्यति ठूलो होइन जो कुनै पाठकले जीवनमा एक पटक पढ्नै पर्ने कृति हो मन कामना ।

पाँच वर्षमा ६ वटा महाकाव्य रचना गर्न सफल महाकाव्यकार रामनाथ अधिकारी 'संगी'को कलम अनवरत बगोस, शीघ्र दर्जन महाकाव्य पुगुन् हार्दिक शुभकामना !


# पोखरा ज्योतिष महाविद्यालयमा शैक्षिक सत्र २०६८/२०६९ को भर्ना खुल्यो

विगत कैयौं वर्षदेखि हजारौं तालिम प्राप्त ज्योतिष व्यवसायी जन्माउन सफल, दिल्लीको नेपाल च्याप्टर पोखरा ज्योतिष महाविद्यालय अन्तर्गत ज्योतिष व्यवसायी तालिममा सहभागी हुन चाहने न्यूनतम १०+२ वा सो सरह उत्तीर्ण वा ज्योतिष र कर्मकाण्ड क्षेत्रमा संलग्न भई परम्परागत रुपमा काम गर्दै आइरहेका विशेष गरी शिक्षित बेरोजगार ईच्छुक छात्र/छात्रहरुलाई तुरुन्तै निवेदन दिन यो जानकारी सूचना गरिन्छ । न्यूनतम् २१ जना विद्यार्थी संख्या पुगेमा स्वदेश तथा विदेशका जुनसुकै जिल्ला सदरमुकाम, विकास क्षेत्र, प्रदेश, राजधानीमा पनि यो तालिम दिने व्यवस्था रहेको थप जानकारी गरिन्छ ।

तालिमका सम्पर्क केन्द्र- ज्योतिष भविष्यवाणी (साप्ताहिक) अर्चलबोटचोक (पोखरा-बाग्लुङ राजमार्ग) पोखरा, नेपाल ।

अन्तर्राष्ट्रिय ज्योतिष परामर्श केन्द्र, खुर्कोट-४, पर्वत धौलागिरि,नेपाल

१)तालिमको नाम- आधारभूत ज्योतिष व्यवसायी तालिम (जन्मकुण्डली लेखक)(पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०)
तालिम अवधि-एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा सात घण्टाको अवधिमा कोर्ष पूरा गरिने) प्रथम चरणको लाग्ने शुल्क रु. ५१०१।- मात्र

२) तालिमको नाम - ज्योतिष भविष्यवक्ता (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०)
तालिम अवधि - एक हप्ता (दैनिक १ घण्टा अथवा भर्ना भएको मितिदेखि ७ घण्टा) द्वितीय चरणको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१।- मात्र ।

३) तालिमको नाम - हस्तज्योतिष भविष्यवक्ता (पूर्णाङ्क १०० उत्तीर्णाङ्क ६०)
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) तृतीय चरणको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१।-मात्र ।

४) तालिमको नाम - राशिफल लेखक (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०) ।
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) चौथो तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१।- मात्र ।

५) तालिमको नाम - ज्योतिष व्यवसायी प्रशिक्षक (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०) ।
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) पाँचौ तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु.५१०१।- मात्र ।

६) तालिमको नाम - ज्योतिष पत्रकारिता (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०)
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) छैटौं तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१।- मात्र ।

७) तालिमको नाम - मुहुर्त ज्योतिष विज्ञान (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०)
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) सातौं तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१।-मात्र ।

८) तालिमको नाम - ज्योतिष वास्तु विज्ञान (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०)
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) आठौं तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१।- मात्र ।

९) तालिमको नाम - रेडियो ज्योतिष पत्रकारिता
तालिमको अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) आठौं तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१।-मात्र ।

१०) तालिमको नाम - टेलिभिजन ज्योतिष पत्रकारिता
तालिमको अवधि- एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) आठौं तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१।-मात्र ।

नेपाल बाहेक जुन देशमा यो ज्योतिष व्यवसायी तालिम दिइनेछ । माथि तोकिएको शुल्क त्यस देशको मुद्रामा बुझाउनु पर्नेछ, अर्थात माथि तोकिएको शुल्क बराबर अन्य देशको मुद्रा नभई त्यसै देशको मुद्रामा शुल्क लागू हुनेछ ।

पत्राचार अथवा दुरशिक्षा/संस्थागतरुपमा ज्योतिष व्यवसायी तालिम सहभागी हुन चाहने आवेदकले तल तोकिएको सम्पर्क केन्द्रमा स्वयम सम्पर्क गरी प्रवेश फर्म भर्ने अथवा E-mail: jbweekly@fewanet.com.np मार्फत प्रवेश फर्म झिकाइ सो माध्यमबाट नै पठाउन सकिन्छ । तालिम शुल्क राष्ट्रिय वाणिज्य बैंक शाखा महेन्द्रपुल, पोखरा, नेपालको बचत खाता नं. ३४३००९९२८१० मा सिधै जम्मा गरेर अथवा पठाएर मात्रै कक्षामा प्रवेश गर्न पाइनेछ ।

**डा. बलराम उपाध्याय रेग्मी**
**प्राचार्य**
**पोखरा ज्योतिष महाविद्यालय**
अर्चलबोटचोक, पो.व.नं.२०७, पोखरा, नेपाल ।
E-mail: jbweekly@fewanet.com.np
Website: www.jbweekly.com

पृष्ठ २ को बाँकी...

ज्यो.भ.- तपाईंले पनि राजनीति गर्नुभयो होला नि ?

डा.क्षेत्री-मैले राजनीति गरिन । एउटा आस्था छ तर पार्टीगत हिसावले सक्रिय भएर गरिन । मैले अहिलेसम्म कुनै पनि पार्टीको झोला बोकेर हिंडेको छैन । आगामी दिनमा पनि हिंड्दिन ।

ज्यो.भ. - राजनीतिलाई कसरी बुझ्नुहुन्छ ? नेपालको राजनीति कस्तो लाग्छ ?

डा.क्षेत्री- राजनीति सबै नीतिको मुख्य नीति हो । यसबाट अन्य नीतिहरू निर्देशित हुन्छन् । यसमा राजनीतिज्ञहरूले विभिन्न नीति अवलम्बन गरेर राज्य संचालन गर्छन् । राजनीति अत्यन्तै राम्रो नीति पनि हो । राजनीतिले कुनै पनि नीतिलाई निषेध गर्दैन । नेपालको राजनीति जुन हिसावले हुनुपर्ने हो त्यो भएको छैन । नेताहरूले निभाउनुपर्ने भूमिकाबाट चुकेका छन् । नेपालको राजनीति नेतृत्वविहिन छ ।

ज्यो.भ. - यो राजनीतिलाई सुधार गर्न के गर्न सकिन्छ ?

डा.क्षेत्री-राजनीति सजिलो बाटोमा हिंड्ने चिज भने होइन । सबै जनताको भावना अनुसार राजनीति गरेमा नेपालको राजनीति सुध्रन्छ । देशको राजनीतिलाई सुधार्न सम्पूर्ण क्षेत्रले क्रियाशीलता देखाउनुपर्छ । राजनीति राम्रो भएमा देशको विकास द्रुत गतिमा हुन्छ ।

ज्यो.भ. - तपाईंको विचारमा राजनीतिमा आएका मुख्य प्रजातान्त्रिक र मार्क्सवादी सिद्धान्त कुन उपयुक्त हो ?

डा.क्षेत्री-नेपालका लागि प्रजातन्त्र र मार्क्सवाद दुवै मिलेर अघि बढेमा राम्रो हुन्छ । सिद्धान्त कुनै पनि गलत छैनन् । मात्र प्रयोग गलत भएको हो । मलाई अहिलेको प्रजातन्त्र पनि मन पर्दैन र रेडिकल कम्युनिष्ट पनि मन पर्दैन । नेपालका लागि सबैभन्दा उपयुक्त प्रगतिशील समाजवाद उपयुक्त हो ।

ज्यो.भ. - अहिले नेपालको राजनीति राज्य पुनर्संरचना र शासकीय स्वरुपमा केन्द्रित छ । यहाँको धारणा ?

डा.क्षेत्री-राज्यको नीति र नियम सही तरिकाले प्रयोग गरेमा जुन व्यवस्था र जति राज्य भए पनि केही फरक पर्दैन ।

ज्यो.भ. - देशका युवाशक्ति विदेश पलायन भएका छन् नि । के भन्नुहुन्छ ?

डा.क्षेत्री-म यसबाट अत्यन्तै दु:खी छु । त्यहाँ ज्ञान नभएका मजदुर गएका छन् । स्वदेशमा उपेक्षित भएर विदेश गएकाले राम्रो काम गर्न सकेका छैनन् । यसले उनीहरूलाई दु:ख त छँदै छ देशका लागि पनि ठूलो घाटा हुन्छ । म युवाहरूलाई के भन्न चाहन्छु भने विदेश जान केही शीप सिकेर जान आग्रह गर्न चाहन्छु । विदेशमा काम सानो ठूलो भन्ने हुँदैन । नेपालमा चेतनाको कमि भएकाले रोजगारी नभएको हो । यहाँ नेपालीले सानो काम हेर्दैनन् । यो रोक्न राज्यले सक्रिय भूमिका खेल्न सक्नुपर्छ ।

ज्यो.भ. - तपाईंको विचारमा ज्योतिष के हो ? तपाईंलाई ज्योतिषमा विश्वास लाग्छ कि लाग्दैन?

डा.क्षेत्री- म पनि समाजमा हुर्केको मान्छे हुँ । यसका सम्पूर्ण काम ज्योतिष विज्ञानले गर्छ । मेरो पूर्ण विश्वास र आस्था पनि छ ।

ज्यो.भ. - अहिलेको ज्योतिष कस्तो लाग्छ ?

डा.क्षेत्री- ज्योतिष विज्ञानप्रति अधिकांश नेपालीको आस्था छ र विश्वास पनि गर्दछन् तर सीमित मानिसलाई मात्र जानकारी छ । अहिलेका ज्योतिषीहरू अल्पज्ञानी भएकाले ज्योतिष विज्ञानको विकास हुन सकेको छैन। पुरानै तरिकाले चलिरहेको छ ।

ज्यो.भ. - ज्योतिषको विकास गर्न के गर्नुपर्ला ?

डा.क्षेत्री- ज्योतिषीहरूले यसको विकासमा क्रियाशीलता देखाउन जरुरी छ र सबैले सजिलै पढ्न सक्ने व्यवस्था हुनुपर्छ । ज्योतिषीहरूले हचुवाको भरमा काम नगरी गहन अध्ययन अनुसन्धान नगरी काम गर्नु भएन । ज्योतिषीहरूले आफ्नो विधालाई अत्यन्तै माया गर्नुपर्‍यो।

ज्यो.भ. - ज्योतिष शिक्षाको विकासमा छुट्टै ज्योतिष विश्वविद्यालय स्थापना हुन जरुरी छैन ?

डा.क्षेत्री- ज्योतिष सम्बन्धी छुट्टै विश्वविद्यालय खुलेमा राम्रो पनि हुन्छ । हरेक विधाको छुट्टै विश्वविद्यालय खुल्न सके यसको विकासमा महत्वपूर्ण सहयोग मिल्छ । यसमा सम्पूर्ण क्षेत्रका व्यक्तिहरूले सहयोग गनुपर्छ । सरकारको मात्र मुख ताकेर बस्न हुँदैन ।

ज्यो.भ. - विवाह कुन गर्नुभयो (मागी या लभ)? विवाह गर्दा चिना हेराएर, जुराएर गर्नुभएको होला नि ?

डा.क्षेत्री - मैले वि.सं.२०५४ सालमा मागी विवाह गरेको हुँ । विवाह गर्दा ससुराली पक्षबाट चिना हेराइएको थियो ।

ज्यो.भ. - धर्म भनेको के हो ? धर्ममा तपाईं कत्तिको विश्वास गर्नुहुन्छ ?

डा.पराजुली-धर्म भनेको आध्यात्मिक आस्था हो । यसले मानिसलाई अनुशासित बनाउने काम गर्छ ।

ज्यो.भ. - हाम्रो देश नेपाल धर्म निरपेक्ष राष्ट्र घोषणा भैसक्यो नि ?

डा.क्षेत्री- यसमा जे भए पनि के नै फरक पर्छ र ? नेपालमा अधिकांश हिन्दू धर्म मान्ने मानिस छन् यसमा अन्य धर्मले भूमिका नै पाउँदैन । सरकारले पनि सबै धर्मलाई समान रुपले हेर्नुपर्‍यो ।

ज्यो.भ. - तपाईंको जीवनको एकमात्र लक्ष्य के छ ?

डा.क्षेत्री- प्रोफेसर बन्ने ।

ज्यो.भ. - काम या अन्य सिलसिलामा कति देशको भ्रमण गर्नुभएको छ ? अनि नेपालका कति जिल्लाको भ्रमण गर्नुभयो ?

डा.क्षेत्री-विभिन्न सिलसिलामा भारत, चीन, डेनमार्क, नर्वे, जर्मन, फ्रान्स, वेलायत, स्वीडेन, घाना, साउथ कोरियाको भ्रमण गरेको छु भने नेपालका करिब २५/३० जिल्लाको भ्रमण गरिसकेको छु ।

ज्यो.भ. - अन्त्यमा हामीले सोध्न र तपाईंले भन्न छुटेका कुरा केही छन् कि ?

डा.क्षेत्री- म के भन्न चाहन्छु भने नेपाल सामुदायिक वनको देश भनेर चिनिन लागेको छ । यसअघि गौतम बुद्धको देश, सगरमाथाको देश भनेर चिनिन्थ्यो भने अब छिट्टै सामुदायिक वनको देश भनेर चिनिन लागेको छ । 'हरियो वन नेपालको धन' नेपालका लागि अति उपयोगी नारा हो र समय सान्दर्भिक पनि छ । वातावरण परिवर्तन र यसबाट पर्ने प्रतिकुल असरलाई रोक्न वनले ठूलो भूमिका खेलेको छ । नेपाल सरकारले तराइतिरका वनको उचित व्यवस्थापन गर्न सक्नुपर्छ, वनको उचित नीति ल्याउन पनि जरुरी छ ।

ज्यो.भ. - नेपालको एकमात्र ज्योतिष विधागत समाचारपत्र ज्योतिष भविष्यवाणीलाई के भन्नुहुन्छ?

डा.क्षेत्री-आफ्नो विधामा आधारित पत्रिका प्रकाशन गरेर ज्योतिषको चेतना छर्न जुन योगदान दिनुभएको छ यसको विकासमा अझै उर्जा मिलोस् यसको प्रकाशनमा कुनै अवरोध नआओस भन्ने कामना गर्दछु । सत्य र तथ्यमा आधारित पत्रिका बन्न सकोस् आगामी दिनको निरन्तरताका लागि शुभकामना व्यक्त गर्दछु ।

ज्यो.भ. - व्यस्तताका बाबजुद महत्वपूर्ण समयका लागि धेरै-धेरै धन्यवाद ।

डा.क्षेत्री-तपाईंले मेरो विचारलाई पाठक समक्ष ल्याउन जुन अवसर प्रदान गर्नुभयो यसप्रति तपाईं र ज्योतिष भविष्यवाणी पत्रिकालाई हार्दिक धन्यवाद ।

# ज्योतिष भविष्यवाणी क्लव गठन

**ज्योतिष भविष्यवाणी**

**पोखरा** : पर्वत जिल्लाको खुर्कोट निवासी कलेज पढ्ने युवाहरूले ज्योतिष भविष्यवाणी क्लव तदर्थ समिति गषठन गरेका छन् । समितिको अध्यक्षमा विकास रेग्मी, उपाध्यक्षमा इन्द्रप्रसाद रेग्मी, सचिवमा शिवप्रसाद रेग्मी, कोषाध्यक्षमा ज्यो. विष्णुप्रसाद रेग्मी, प्रवक्तामा चिरञ्जीवि रेग्मी रहेका छन् ।

त्यस्तै समितिको सदस्यहरूमा सरिता रेग्मी, राजु रेग्मी, दुर्गाप्रसाद रेग्मी, सागर रेग्मी, ज्यो.तारा रेग्मी क्रमश: रहेका छन् ।

ज्योतिष भविष्यवाणी क्लवले पहिलो कार्य खुर्कोट टेलिफोन डाइरेक्ट्री प्रकाशन गरी आफ्ना विभिन्न गतिविधि अगाडि बढाउने अध्यक्ष विकास रेग्मीले जानकारी दिएका छन्।

# ज्योतिष विश्वविद्यालय प्रतिनिधि भारत जाने

**ज्योतिष भविष्यवाणी**

**पोखरा** : वैदिक ज्योतिष विज्ञान विश्वविद्यालय तदर्थ समिति नेपालको प्रतिनिधि भारतका केही विश्वविद्यालयको अवलोकन भ्रमणमा जाने भएको छ ।

भोलि शुक्रबारदेखि गरिने उक्त भ्रमण एकहप्ताको रहने संयोजक डा. बलराम उपाध्याय रेग्मीद्वारा बताइएको छ ।

# पत्रकार...

त्यस्तै ऐ.ने.क.पा.माओवादीका कास्की इन्चार्ज झलकपाणि तिवारीले नेपालको पत्रकारिता र त्यसमा आवद्ध पत्रकारहरू अत्यन्त जोखिममा रहेको धारणा व्यक्त गर्दै पत्रकारिता पेशा महत्वपूर्ण र मर्यादित भएकाले सत्य तथ्य समाचार सहित समाजलाई जागरुक बनाउन आग्रह गर्नुभयो ।

कार्यक्रममा बोल्दै सम्मानित व्यक्तित्व रामकृष्ण ज्ञवालीले पत्रकारिता क्षेत्रमा अत्यन्तै मज्जा आउने भए तापनि निकै चुनौति रहेको बताउनुभयो । साथै उहाँले पत्रकारहरू सुधारिएर अघि बढ्नुपर्ने धारणा व्यक्त गर्नुभयो । कार्यक्रममा पुरस्कारकी संस्थापिका तथा स्व.गजेन्द्र भण्डारीकी धर्मपत्नी सरस्वती भण्डारी, वरिष्ठ पत्रकार माधव शर्मा, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य रुद्र भट्ट, नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष वद्रीविनोद प्रतीक, सचिव त्रिभुवन पौडेल लगायतले बोल्नुभएको थियो । यसैबीच नेपाल पत्रकार महासंघको भवन निर्माण सहयोगार्थ आफ्ना माता बुद्धिसरा परियार र पिता पतिराम परियारको स्मृतिमा छोरा कालीबहादुर परियारले रु.२५ हजार र साहित्यकार छवि सुवेदीले रु.१० हजार सहयोग नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष बद्रीविनोद प्रतीकलाई हस्तान्तरण गर्नुभएको थियो।


# हाम्रा ज्योतिषसम्बन्धी सेवाहरू

१. भर्खरै जन्मेका बच्चा/बच्चीको हालसम्म चिना जन्मकुण्डली बनेका छैनन् भने यहाँ नयाँ चिना बनाइन्छ ।
२. पुराना कच्चा कागजमा बनेका, फाटेका धुजा हुन लागेका वा मेटिन लागेका चिना फेरि नयाँ बनाइन्छ ।
३. चिना र हस्तरेखाबाट तुलनात्मक अध्ययन गरी शतप्रतिशत भूत, वर्तमान, भविष्यका बारेमा लिखित ग्यारेण्टी तथा अडियो क्यासेटमा रिकर्ड गरी भविष्यवाणी गरिन्छ ।
४. ज्योतिष व्यवसायी तालिम संस्थागत तथा पत्राचार, टेलिभिजन तथा रेडियोमार्फत् दिइने व्यवस्था चलिरहेको छ ।
५. ज्योतिष चिकित्सा परामर्श सेवा नियमितरूपमा सञ्चालित छ । अन्यत्रको उपचार नलागेका व्यक्तिहरू सम्पर्क गरी सो सेवा लिइरहनुभएको छ ।
६. पुरानाभन्दा पुराना रोग पत्ता लगाइन्छ, नाडी विचार गरिन्छ । ज्योतिष र औषधीको तुलनात्मक उपचारबाट विरामी ठीक गरिन्छ ।
७. ज्योतिष भविष्यवाणी पत्राचारबाट पनि लेखिपठाउने व्यवस्था छ ।
८. नेपाली कागजमा तथा आधुनिक सर्टिफिकेट मोडलमा छापा विभिन्न २/४/८ कुण्डलीका फर्म यहाँ किन्न पाइन्छ ।
९. ज्योतिष जागरण (मासिक), ज्योतिष भविष्यवाणी (साप्ताहिक), ज्योतिष आवाज (मासिक), स्वयं ज्योतिषी, ज्योतिष उपचार, हाम्रा प्रकाशन खोजी-खोजी पढ्नुहोस् ।
१०. एकसय वर्षका पुराना पात्राहरू चाहिएमा हामी हेर्ने सुविधा दिन्छौं ।
११. रेडियो अन्नपूर्ण ९३.४ पोखराबाट विगत दश वर्षदेखि नियमित सञ्चालित साप्ताहिक 'ज्योतिष भविष्यवाणी' कार्यक्रम प्रत्येक शनिबार बेलुकी ३:३० बजेदेखि ५ बजेसम्म प्रशारित भइरहेको छ । सुन्दै गर्नुहोला । यस कार्यक्रममा पत्र पठाउँदा कुनै शुल्क लाग्ने छैन ।
१२. प्रत्येक हप्ताको सोमवार बेलुकी ५ देखि ६ बजेबीच धौलागिरि एफ.एम.९८.६ बाग्लुङबाट हाम्रो साप्ताहिक कार्यक्रम 'ज्योतिष जागरण' सञ्चालन भै रहेको छ सुन्दै गर्नुहोला ।

वरिष्ठ ज्योतिष भविष्यवक्ता
डा. बलराम उपाध्याय रेग्मी
ज्योतिष भविष्यवाणी (साप्ताहिक)
खुर्कोट-४, पर्वत, धौलागिरि, नेपाल
हाल पोखरा-२, अर्चलबोटचोक, कास्की, नेपाल पो.ब.नं. 207, पोखरा, नेपाल ।
फोन/फ्याक्स - +977-61-540347
मोबाइल फोन नं. +977-9856020914 (Direct)
E-mail: jbweekly@fewanet.com.np
Website: www.jbweekly.com, www.Facebook.com/jbweekly

# साप्ताहिक दैनिक शुभ समय कार्य तालिका

ज्यो.डा.बलराम उपाध्याय रेग्मी

| | |
|---|---|
| बिहीबार २०६९/२/४ May.17, 2012 | बिहान ५:१६ बजेदेखि ६:४६ बजेसम्म **शुभ**/बिहान ६:४६ बजेदेखि ८:१६ बजेसम्म **रोग**/बिहान ८:१६ बजेदेखि ९:४६ बजेसम्म **उद्वेग**/बिहानमा ९:४६ देखि ११:१६ बजेसम्म **चर**/बिहानमा ११:१६ देखि दिनमा १२:४६ बजेसम्म **लाभ**/दिनमा १२:४६ बजेदेखि २:१६ बजेसम्म **अमृत**/दिनमा २:१६ देखि ३:४६ बजेसम्म **काल**/बेलुकी ३:४६ देखि ५:१६ बजेसम्म **शुभ** । |
| शुक्रबार २०६९/२/५ May.18, 2012 | बिहान ५:१५ बजेदेखि ६:४५ बजेसम्म **चर**/बिहान ६:४५ बजेदेखि ८:१५ बजेसम्म **लाभ**/बिहान ८:१५ बजेदेखि ९:४५ बजेसम्म **अमृत**/बिहानमा ९:४५ देखि ११:१५ बजेसम्म **काल**/बिहानमा ११:१५ देखि दिनमा १२:४५ बजेसम्म **शुभ**/दिनमा १२:४५ बजेदेखि २:१५ बजेसम्म **रोग**/दिनमा २:१५ देखि ३:४५ बजेसम्म **उद्वेग**/बेलुकी ३:४५ देखि ५:१५ बजेसम्म **चर** । |
| शनिबार २०६९/२/६ May.19, 2012 | बिहान ५:१५ बजेदेखि ६:४५ बजेसम्म **काल**/बिहान ६:४५ बजेदेखि ८:१५ बजेसम्म **शुभ**/बिहान ८:१५ बजेदेखि ९:४५ बजेसम्म **रोग**/बिहानमा ९:४५ देखि ११:१५ बजेसम्म **उद्वेग**/बिहानमा ११:१५ देखि दिनमा १२:४५ बजेसम्म **चर**/दिनमा १२:४५ बजेदेखि २:१५ बजेसम्म **लाभ**/दिनमा २:१५ देखि ३:४५ बजेसम्म **अमृत**/बेलुकी ३:४५ देखि ५:१५ बजेसम्म **काल** । |
| आइतबार २०६९/२/७ May.20, 2012 | बिहान ५:१४ बजेदेखि ६:४४ बजेसम्म **उद्वेग**/बिहान ६:४४ बजेदेखि ८:१४ बजेसम्म **चर**/बिहान ८:१४ बजेदेखि ९:४४ बजेसम्म **लाभ**/बिहानमा ९:४४ देखि ११:१४ बजेसम्म **अमृत**/बिहानमा ११:१४ देखि दिनमा १२:४४ बजेसम्म **काल**/दिनमा १२:४४ बजेदेखि २:१४ बजेसम्म **शुभ**/दिनमा २:१४ देखि ३:४४ बजेसम्म **रोग**/बेलुकी ३:४४ देखि ५:१४ बजेसम्म **उद्वेग** । |
| सोमबार २०६९/२/८ May.21, 2012 | बिहान ५:१४ बजेदेखि ६:४४ बजेसम्म **अमृत**/बिहान ६:४४ बजेदेखि ८:१४ बजेसम्म **काल**/बिहान ८:१४ बजेदेखि ९:४४ बजेसम्म **शुभ**/बिहानमा ९:४४ देखि ११:१४ बजेसम्म **रोग**/बिहानमा ११:१४ बजेदेखि दिनमा १२:४४ बजेसम्म **उद्वेग**/दिनमा १२:४४ बजेदेखि २:१४ बजेसम्म **चर**/दिनमा २:१४ देखि ३:४४ बजेसम्म **लाभ**/बेलुकी ३:४४ देखि ५:१४ बजेसम्म **अमृत** । |
| मंगलबार २०६९/२/९ May.22, 2012 | बिहान ५:१३ बजेदेखि ६:४३ बजेसम्म **रोग**/बिहान ६:४३ बजेदेखि ८:१३ बजेसम्म **उद्वेग**/बिहान ८:१३ बजेदेखि ९:४३ बजेसम्म **चर**/बिहानमा ९:४३ देखि ११:१३ बजेसम्म **लाभ**/बिहानमा ११:१३ देखि दिनमा १२:४३ बजेसम्म **अमृत**/दिनमा १२:४३ बजेदेखि २:१३ बजेसम्म **काल**/दिनमा २:१३ देखि ३:४३ बजेसम्म **शुभ**/बेलुकी ३:४३ देखि ५:१३ बजेसम्म **रोग** । |
| बुधबार २०६९/२/१० May.23, 2012 | बिहान ५:१३ बजेदेखि ६:४३ बजेसम्म **लाभ**/बिहान ६:४३ बजेदेखि ८:१३ बजेसम्म **अमृत**/बिहान ८:१३ बजेदेखि ९:४३ बजेसम्म **काल**/बिहानमा ९:४३ बजेदेखि ११:१३ बजेसम्म **शुभ**/बिहानमा ११:१३ देखि दिनमा १२:४३ बजेसम्म **रोग**/दिनमा १२:४३ बजेदेखि २:१३ बजेसम्म **उद्वेग**/दिनमा २:१३ देखि ३:४३ बजेसम्म **चर**/बेलुकी ३:४३ देखि ५:१३ बजेसम्म **लाभ** । |

## साप्ताहिक साहित

ज्येष्ठ ४, २०६९ बिहीबार - उत्तर र पश्चिम दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
ज्येष्ठ ५, २०६९ शुक्रबार - उत्तर र पूर्व दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
ज्येष्ठ ६, २०६९ शनिबार - उत्तर दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
ज्येष्ठ ७, २०६९ आइतबार - उत्तर र पूर्व दिशाको यात्रामात्रै शुभ रहेको छ ।
ज्येष्ठ ८, २०६९ सोमबार - दक्षिण दिशाको यात्रामात्रै शुभ रहेको छ ।
ज्येष्ठ ९, २०६९ मङ्गलबार - पूर्व र दक्षिण दिशाको यात्रामात्रै शुभ रहेको छ ।
ज्येष्ठ १०, २०६९ बुधबार - दक्षिण र पश्चिम दिशाको मात्र यात्रा शुभ रहेको छ भने अन्य कुनैपनि दिशाको यात्रा गर्नु राम्रो हुनेछैन ।

## दैनिक राहुकाल समय

आइतबार बेलुकी ४।३० देखि ६ बजेसम्म राहुकाल रहनेछ ।
सोमबार बिहान ७।३० देखि ९ बजेसम्म राहुकाल रहनेछ ।
मङ्गलबार दिनमा ३ देखि ४।३० बजेसम्म राहुकाल रहनेछ ।
बुधबार दिनमा १२ देखि १।३० बजेसम्म राहुकाल रहनेछ ।
बिहीबार दिनमा १।३० देखि ३ बजेसम्म राहुकाल रहनेछ ।
शुक्रबार बिहान १०।३० देखि १२ बजेसम्म राहुकाल रहनेछ ।
शनिबार बिहान ९ देखि १०।३० सम्म राहुकाल रहनेछ ।
*(माथि तोकिएको समयमा गरिएको कुनै पनि कार्य सफल हुनेछैन ।)*

# तपाईंको यो हप्ता

ज्यो. सीता रेग्मी
ज्योतिष भविष्यवाणी परामर्श केन्द्र
विन्ध्यवासिनी मन्दिर, पोखरा
मोबाइल: ९८४६२९८८१५

(ज्येष्ठ ४ गते बिहीबारदेखि ज्येष्ठ १० गते बुधबारसम्म)
(From May.17, 2012 to May.23, 2012)

१. मेषः (Aries)(चु. चे. चो. ला. लि. लु. ले. लो. अ.)
तपाईंको यो हप्ता स्वास्थ्य भरपर्दो छैन, बराबर ख्याल गर्नुहोला । मानसिक चिन्ता बढाउने, व्यक्तिको कटु बचन सुन्नु पर्नेछ । अपहेलना, तिरस्कारको व्यवहार कसैबाट हुनसक्ने सम्भावना त्यतिकै छ । सोचे अनुसारको काम पूरा नहुने तर व्यर्थको खर्च हुने देखिन्छ । समग्रमा समय खराब रहेकाले सतर्क भएर काम गर्नुहोला ।

२. वृषः(Tauras)(ई. उ. ऐ. ओ. वा. वि. वु. वे. वो.)
तपाईंका लागि यो हप्ता आकस्मिक धन लाभ हुन सक्नेछ । सुन तथा जमीनमा लगानी गर्दै हुनुहुन्छ भने बुधबारका दिन किन्नु होला । आफन्त, इष्टमित्र सबैको सहयोगले गर्न खोजेका कार्य सम्पन्न हुनेछन् । समय शुभ छ, अधिकतम् उपयोग गर्नु भएमा लाभ मिल्नेछ ।

३. मिथुनः(Gemini) (का. कि. कु. घ. ङ. छ. के. को. ह.)
तपाईंका लागि यो हप्ता एक्कासी बिरामी पर्न सक्ने सम्भावना छ । खानपिनमा ज्यादै सतर्क रहनु होला । कसैले खाने पिउने कुरामा गडबढी गर्न सक्छ, ज्यादै सतर्क रहनु होला । गर्न खोजेका कार्य असफल हुन सक्नेछन् । तपाईंको घरमा चोरी हुने विशेष खतरा छ । यो हप्ता जो कसैसँग विवाद, झगडा नगरीकन समय काट्नु होला ।

४. कर्कः(Cancer)(हि. हु. हे. हो. डा. डि. डु. डे. डो.)
तपाईंको यो हप्ता स्वास्थ्य ठीकठाक रहनेछ । आदर सत्कार पाइने काममा सहभागी हुन पाइनेछ । पारिवारिक तथा आश्रित कर्मचारीको राम्रो सहयोग पाइने छ । तपाईंको कार्यक्षेत्रमा शुभेच्छुक व्यक्ति नयाँ लाभका अवसर लिएर आउनेछन् ।

५. सिंहः(Leo) (मा. मि. मु. मे. मो. टा. टि. टु. टे.)
तपाईंका लागि यो हप्ता स्वास्थ्य भरपर्दो रहने छैन । खानामा जुनसुकै प्रकारको गडबडी आइलाग्न सक्छ । जहाँ पायो त्यहाँ नखानु होला । खर्चको बाध्यता आइलाग्ने छ । सकेसम्म खराब काम खराब व्यक्तिलाई गर्नु पर्ने सहयोगलाई कटौती गर्नु होला । अर्काको भर पर्‍यो भने धोका खानु पर्नेछ, सतर्क हुनुहोला ।

६. कन्याः(Virgo)(टो. पा. पी. पू. ष. ण. ठ. पे. पो.)
यो हप्ता तपाईंका लागि धेरै चुनौतिपूर्ण रहेको छ । विशेष गरी पानीबाट बग्ने या डुब्ने डर छ, पानीबाट ज्यादै सतर्क रहनु होला । कसैको कुरा काट्ने, विवादमा लाग्ने काम नगर्नु होला । त्यस्ता गतिविधिबाट सकेसम्म टाढै रहनुहोला । यो हप्तामा ठूलो लगानी, टाढाको यात्रा नयाँ निर्णय नगर्नु नै बेस हुनेछ ।

७. तुलाः(Libra)(रा. री. रु. रे. रो. ता. ती. तु. ते)
तपाईंले यो हप्ता परिश्रम अनुसारको लाभ राम्रो पाउनु हुनेछ । विगतमा स्वास्थ्य खराब थियो भने अब सुधार हुँदै जानेछ । लगानी गरिएका काममा राम्रो फाइदा मिल्नेछ । यश, कृति, बढ्ने काममा लगानी बढाउँदा राम्रो हुनेछ । कुनै विवादित मुद्दा छ भने तपाईंको पक्षमा केही न केही राम्रो हुनेछ ।

८. वृश्चिकः(Scorpio) (तो. ना. नि. नू. ने. नो. या. यि. यू.)
तपाई विगतमा बिरामी हुनु भएको भए यो हप्ता स्वास्थ्यमा राम्रो सुधार हुनेछ । मानसिक प्रशन्नता मिल्ने खबर सुन्न पाइनेछ । आम्दानीका नयाँ श्रोत हात लाग्नेछन् । यो हप्ता विगतका रोकिएका काम सबै सफल हुने छन् तर समयको सही उपयोग अवश्य गर्नु होला ।

९. धनुः(Sagittarius)(ये. यो. भा. भी. भू. ध. फ. ढ. भे.)
तपाईंलाई यो हप्ता आशा निरासाका भावनाले बराबर मन चञ्चल बनाउने छ । सर्दी, गर्मीको असन्तुलनबाट एक्कासी बिरामी पर्न सकिने अवस्था पनि छ, सतर्क रहनु होला । टाढाको यात्रा, महत्वपूर्ण निर्णय, पेशामा ठूलो लगानी नगर्नु नै उचित हुनेछ । अनावश्यक मानसिक चिन्ता थप्नेछ । नबोलाएको ठाउँमा नजानु होला, वद्नाम अपमानको संभावना त्यत्तिकै रहेको छ । जुनसुकै काममा अनावश्यक खर्च भै जाने अवस्था छ ।

१०. मकरः(Capricorn)(भो. ज. जी. खि. खु. खे. खो. ग. गी.)
तपाईंलाई यो हप्ता आफ्नो जुनसुकै काममा बाधा रहेका छन् । मनमा अशान्ति, यात्रामा विघ्न बाधा, वायू रोग, खानामा गडवडी कुनै शोक पर्ने समाचार सुन्नु पर्नेछ । शरीरको कुनै पनि भागमा चोट लाग्ने या दुख्ने अवस्था आइलाग्नेछ । अनावश्यक काममा खर्च हुनुबाट सतर्क रहनु होला ।

११. कुम्भः(Aquarius)(गु. गे. गो. सा. सी. सु. से. सो. द.)
तपाईंका लागि यो हप्ता त्यति शुभ रहेको छैन । पेशामा भन्दा अरु काममा अनावश्यक अल्भिनु पर्ने अवस्थाले सरासर गर्न खोजेका काममा ढिला सुस्ती हुनेछ । तैपनि सोमबार र बिहीबार पारेर गरेका काम सफल रहनेछन् । पानीसँग सम्बन्धित काममा ठूलो सावधानी अपनाउनुहोला ।

१२. मीनः(Pisces)(दी. दू. थ. झ. ञ. दे. दो. चा. ची.)
तपाई स्वास्थ्यको हिसाबले यो हप्ता ठीकठाक रहनु हुनेछ । गर्नै खोजेका केही काममा धेरै बाधा छन् पूरा आत्मविश्वासका साथ सक्रिय रुपमा लागि परेमा पूरा गर्न सक्नु हुनेछ । अति नै आशावादी भै रातदिन लागि परेमा मात्र सफलता पाउनु हुनेछ । यो हप्ता आइतबार, सोमबार छोडेर अरु सबैबार शुभ रहेका छन् । शुभ समयको सक्दो राम्रो उपयोग गर्नुहोला ।

प्रत्येक शनिबार बेलुकी ३:३० बजेदेखि ५ बजेसम्म रेडियो अन्नपूर्ण ९३.४ पोखराबाट 'ज्योतिष भविष्यवाणी' (साप्ताहिक) कार्यक्रम, धौलागिरि एफ.एम.९८.६ बाग्लुङबाट 'ज्योतिष जागरण' साप्ताहिक कार्यक्रम प्रत्येक सोमबार बेलुकी ५ देखि ६ बजे सुन्दै गर्नुहोला । कार्यक्रम सञ्चालक : वरिष्ठ ज्योतिष भविष्यवक्ता डा.बलराम उपाध्याय रेग्मी, जिज्ञासा टिपोटका लागि ९८५६०२०९१४, ९८५६०३०९१४

संस्थापक/प्रधान सम्पादक/प्रकाशक-अधिवक्ता डा.बलराम उपाध्याय रेग्मी, फोन/फ्याक्स नं.+977-61-540347, Mobile 00977-9856020914, ९८५६०३०९१४
प्रमुख व्यवस्थापक-ज्यो.सुश्री सीता रेग्मी, व्यवस्थापक- ज्यो.प्रदीप रेग्मी, ज्यो.मधु रेग्मी, कानुनी सल्लाहकार अधिवक्ता श्री प्रेमबहादुर खड्का/अध्यक्ष नेपाल बार एशोसियशन,
प्रबन्ध निर्देशक- रामनाथ अधिकारी 'संगी'(९८४८४२१३१३), आजीवन संरक्षकः ज्यो.प्रेमकुमारी गुरुङ, कम्प्यूटर सेटिङः ज्यो.भ.डेक्स, केन्द्रीय स्थायी कार्यालयः खुर्कोट-४ पर्वत, धौलागिरि, नेपाल/पश्चिमाञ्चल कार्यालयः पो.ब.नं.२०७, अर्चलबोटचोक, पोखरा-२, कास्की, नेपाल/पूर्वाञ्चल कार्यालय : बिराटनगर-१६,मोरङ्ग, E-mail: jbweekly@fewanet.com.np,
website: www.jbweekly.com, www.Facebook.com/jbweekly, Twitter/@Jbweekly, मुद्रक-तनहुँ अफसेट प्रेस, नयाँबजार, पोखरा, फोन : ९८४६०९४०२० web hosting : pokharacity.com